# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इच्छाकामना गाउँपालिका, चितवन

## आर्थिक वर्ष २०७५।७६

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति: २०७७/३/२५

श्री इच्छाकामना गाउँपालिका,
चितवन ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

**(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)**

पत्र संख्या: २०७६।०७७
च.नं ८३९

श्री प्रमूखज्यू, मिति: २०७७।३।२५
इच्छाकामना गाउँपालिका,
चितवन ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :** हामीले इच्छाकामना गाउँपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.५ करोड १ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२७ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.३३ लाख ८५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४९ लाख ९३ हजार र पेश्की रु.३ करोड ९० लाख रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।९।११ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २९ (उनान्तीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ । तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

# इच्छाकामना गाउँपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । गाउँपालिका अर्न्तगत ७ वटा वडाहरुबाट नागरिकहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

**स्थानीय सञ्चितकोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाब्को २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि. नं. | आय तर्फ | | सि. नं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १ | चालु खर्च | | २०९९६८००४.६६ |
| | क) नगद | | २ | पुँजीगत खर्च | | १९१६७३७९९.१५ |
| | ख) बैक | ३८९९५५६९.९९ | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजश्व (आन्तरिक आय) | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजश्व | २९६५८४७१.५८ | | ख) व्याज भुक्तानी | | |
| | ख) राजश्व बाँडफाँड | ५५७१६६९३.१६ | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय प्रदेश सवारी साधन | ११२८५९३९.८० | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ९१७००००0.00 | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | १४५७६८५००.०० | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | ५ | धरौटी फिर्ता | | ४३८१०८५.०० |
| | घ) विशेष अनुदान | | ६ | कोष खर्च | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | | २८५७३३०.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ७९०००००.०० | | तराई मधेश समृद्धि कार्यक्रम | | ३३४५४७४.०० |
| | ख) सशर्त अनुदान | २४२०००००.०० | | प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | | ३०४८७५.०० |
| | ग) समपूरक अनुदान | ११४०४०००.०० | | प्रधानमन्त्री रोजगार कार्यक्रम | | १५९७३९६.०० |
| | घ) विशेष अनुदान | ५००००००0.00 | | स्थानिय निकाय सशर्त पूँजीगत अनुदान | | ७६०४८९३.०० |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | | | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | | ३३७३४०००.०० |
| ६ | वित्तीय व्यवस्था प्राप्त | | ७ | मौज्दात | | ६४७२४४४९.८० |
| | क) ऋण प्राप्ति | | | क) नगद मौज्दात | | |
| | ख) साँवा प्राप्ति | | | ख) बैक मौज्दात | ६३०७१७२५.८० | |
| | ग) व्याज प्राप्ति | | | ग) धरौटी बाँकी | १६५२७२४.०० | |
| | घ) अन्य प्राप्ति | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | | | | |
| १० | धरौटी आय | ५३०७६३४.८५ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | |
| १२ | अन्य विविध आय | | | | | |
| १३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २८५७३३०.०० | | | | |
| १४ | तराई मधेश समृद्धि कार्यक्रम | ३३४५४७४.०० | | | | |
| १५ | प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०४८७५.०० | | | | |
| १६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १५९७३९६.०० | | | | |
| १७ | स्थानिय निकाय सशर्त पूँजीगत अनुदान | ७६०४८९३.०० | | | | |
| १८ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ३३७३४०००.०० | | | | |
| | कुल जम्मा आय | ५२१३८०७७७.३८ | | कुल जम्मा व्यय | | ५२०१९१३०६.६१ |
| | | | | | | ११८९४७०.७७ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुली :** लेखापरीक्षणको क्रममा अग्रिम कर कट्टा नगरेको रु.९,९९८।- मिति २०७६।९।४ मा राजस्व दाखिला गरेको प्रमाण पेश गरेको छ । | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका बमोजिम स्थानीय तहले २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ २५ मा पेश गरी आषाढ ३० भित्र स्वीकृति हुनुपर्ने उल्लेख छ । सभाबाट २०७५।३।३० मा बजेट स्वीकृत गरी २०७५।६।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । | |
| २ | **बजेट पेश तथा पारित** : स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढभित्र पारित गर्नुपर्ने व्यवस्था बमोजिम गाउँपालिकाको सभा २०७५ आषाढ ३० गते बसी बजेट, नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ । | |
| ३ | **स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन । | |
| ४ | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परीपूरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाबाट आवश्यकताका आधारमा योजनाहरुको छनौट तथा कार्यान्वयन भएको पाइयो । सो अनुरुप कार्यक्रमहरुको प्राथमिकीकरण तथा तादाम्यता मिलाउनुपर्दछ । | |
| ५ | **बैक मौज्दात हिसाब :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा सञ्चित कोषको हिसाब अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको बैक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको बैंक मौज्दात रु.१२,३१,५१,६८३।१२ देखिन्छ । सोमध्ये रु.५,५९,६२,२६०।०१ चेक साट्न बाँकी घटाउँदाको मौज्दात रु.६,७१,८९,४२३।११ हुनुपर्दछ । पालिकाले स्रेस्तामा रु.६,४७,२४,४४९।८० देखाएकोले स्रेस्तामा घटी देखाएकोले रु.२४,६४,९७३।३१ बैक मौज्दात आम्दानी हुनुपर्ने रु. --- | २४६४९७३.३१ |
| ६ | **एकीकृत आर्थिक विवरण :** गाउँपालिकाले लेखापरीक्षणलाई पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार आयतर्फ रु.५२,१३,८०,७७७.३८ र व्ययतर्फ रु.५२,०१,९१,३०६.६१ देखाएको छ । आम्दानी र खर्च हिसाबमा फरक देखिएको रकम रु.११,८९,४७०.७७ देखिंदा गाउँपालिकाले पेश गरेको एकीकृत आ.वि.ले यथार्थ कारोबार प्रस्तुत गर्दैन । अतः फरक कारोबारको सम्बन्धमा छानबिन गरी यथार्थ पेश हुनुपर्ने रु. --- | ११८९४७०.७७ |

| | | |
|---|---|---|
| ७ | **मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को २१ औं संशोधनले ठेक्का सम्झौता वा करार भुक्तानीमा ५० प्रतिशत मू.अ.कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, आन्तरिक राजस्व विभागको च.न.१२७ मिति २०७६।२।२७ र म.ले.नि.का को च.नं. ४१८ मिति २०७६।२।३० को परीपत्र अनुसार मू.अ.कर ऐन, २०५३ को दफा ६(ग) मा करार वा सम्झौता बमोजिमको वस्तु तथा सेवाको मू.अ.कर भुक्तानीमा ६.५ प्रतिशत मू.अ.कर कट्टी गरी सम्बन्धित कार्यालयको राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिले पेश गरेका बिलहरु भुक्तानी गर्दा भुक्तानीमा ६.५ प्रतिशत उपभोक्ता समितिको भुक्तानीमा ६.५ प्रतिशत मू.अ.कर कट्टी गरेको पाइएन । | |
| ८ | **घटी जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा सञ्चित कोषको हिसाब अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गत आ.ब.को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु.३८,९९,६७३।१२ मध्ये रु.३,८९,९६,७५२।१२ मात्र जिम्मेवारी सारेको देखिएकोले जिम्मेवारी सार्न बाँकी देखिएको रु.१,१८२।१३ यकिन गरी जिम्मेवारी सारी आम्दानी देखाउनु पर्ने देखिन्छ । | ११८२.१३ |
| ९ | **लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाले महालेखापरीक्षकबाट स्वकृति बमोजिमको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । | |
| १० | **लेखा स्रेस्ता :** स्थानीय सरकार सञ्चालन ऐन, २०६४ को दफा ७६ गाउँपालिकाको कारोबारको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएको बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले यो बर्ष तोकिएअनुसार सुत्र प्रयोगमा ल्याएको देखिन्छ । आर्थिक बर्षको अन्त्यमा खर्चको फाँटबारी पेश्की बाँकीको विवरण आर्थिक विवरण बैंक नगदी किताब पेश्की लेजर लगायतको विवरण प्रिन्ट गरी प्रमाणित गर्ने र आन्तरिक लेखा परीक्षणबाट समेत प्रमाणित गराई राखेको पाइएन । त्यस्तै कार्यालयले भुक्तानी दिन बाँकीको विवरण, स्रेस्ता र बैंक अनुसार फरक परेको हिसाब विवरण भुक्तानी गर्न बाँकी चेकको विवरण तयार नगरेकोले स्रेस्ता र बैंक मौज्दातमा रहेको फरक रकम सम्बन्धमा यकिन गरिनुपर्दछ । कार्यालय प्रमुखबाट अधिकांश भौचर प्रमाणित नभएको, खर्चको फाँटबारी पेश्की बाँकीको विवरण र आर्थिक विवरण समेत प्रमाणित गरी राखेको पाइएन । | |
| ११ | **सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय सञ्चित कोष रहने र गाउँपालिकामा प्राप्त हुने सबै रकम सञ्चित कोषमा जम्मा गरी सभाले सञ्चित कोषबाट खर्च गर्ने गरी स्वीकृत गरेको कानूनबमोजिम हुने उल्लेख छ । गाउँपालिकाले सञ्चित कोषमा रकम जम्मा गर्ने गरेको भए पनि सञ्चित कोषबाट रकम ट्रान्सफर गरेको रकमको गोश्वारा भौचर तयार गरी ट्रान्सफर खर्च नदेखिएको गोश्वारा भौचर प्रमाणित नगरेको र सञ्चित कोषको खाता अद्यावधिक गरेको देखिएन । एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्त्यमा स्वत: जम्मा हुने व्यवस्था अनुरुप चालु तथा पूँजीगत खाताको मौज्दात शून्य गरेको समेत देखिएन । सञ्चित कोषको हिसाब बैंक रिकन्सिलेसन गरी अद्यावधिक नगरेकोले कोषको यथार्थ अवस्था यकिन हुन सकेन । सञ्चित कोषको हिसाब अद्यावधिक गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ पेश गरिनुपर्दछ । | |
| १२ | **राजस्व अभिलेख :** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(भ) मा वित्तीय विवरण सम्बन्धी व्यवस्था छ । यस पालिकाले यस बर्ष राजस्व बाँडफाड राजस्व आन्तरिक आम्दानी भएको भनी देखाएकोमा राजस्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प.फा.नं.१०८ | |

| | | |
|---|---|---|
| | राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.फा.नं.२३ को राजस्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन । <br><br> पालिकाले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजस्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नुपर्नेमा गाउँपालिकाको वडा कार्यालयहरुले उठाएको राजस्व अभिलेख नगदी रसीद अनुसारको अभिलेख राखेको छैन । त्यस्तै वैक भौचर आम्दानी गरेको रकम समेत वैक दाखिला अभिलेखको आधारमा शीर्षक गत खाता भौचर राखेको देखिएन । नियमानुसार वडा कार्यालयहरुको समेत र बैंक दाखिला भौचरको समेत आय खाता अद्यावधिक गरिनुपर्दछ । | |
| १३ | **नगदी रसीद :** गाउँपालिकाले नगदी रसीद तथा मालपोत रसीद छपाई भएका प्याडहरु रसीद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजस्व उठाउने कर्मचारीलाई बुझाउनु पर्दछ । राजस्व उठाउने कर्मचारीले बुझी लगेका रसीदमध्ये काटि सकिएका ठेली रसीदहरु गाउँपालिकाले फिर्ता लिई सो बमोजिमको राजस्व वा मालपोत प्राप्त भए नभएको यकिन गरी राजस्व हिसाब फरफारख गर्नुपर्दछ । गाउँपालिकाले छपाई गरेका सबै नगदी रसीदको हिसाब रसीद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसीद तथा मालपोत रसीद जिम्मा लिनेबाट रसीद बमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत बनाएको छैन । पालिकाले आर्थिक विवरणमा देखाएको स्थनीय सञ्चित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडाबाट जम्मा भयो के काति रसीदबाट सो रकम जम्मा भएको थियो सोको अभिलेख विना नै बैकमा जम्मा भएको आधारमा आन्तरिक राजस्व हिसाब देखाएको छ । अतः पालिकाको छपाई भएका रसीद, रसीद अनुसारको राजस्व संकलन तथा सोको अभिलेख समेत सबै वडाको यकिन गरी वास्तविक राजस्व हिसाब देखाउनु पर्दछ । | |
| १४ | **राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्बन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक बसे तापनि राजस्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ । | |
| १५ | **लक्ष्य तथा प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले २०७५।७६ को प्रगति विवरण लेखापरीक्षण समक्ष पेश हुन आएन । क्रियाकलापगत रकम र परिमाण खुल्ने गरी एकीकृत रूपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सोको विश्लेषण गर्न सकिएन । पेश भएको विवरण बमोजिम सञ्चालित कार्यक्रममध्ये क्रमागत योजना २८ वटा रहेका छन् । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमा नै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । साथै तोकेबमोजिम कार्यक्रम सञ्चालन हुन नसक्दा सेवाग्रही लाभबाट बञ्चित भएका छन् । अतः स्वीकृत कार्यक्रम बमोजिम योजना सञ्चालनको योजनागत खर्च विवरण सहित प्रगति प्रतिवेदन तयार गर्ने र सञ्चालन हुन नसकेको योजनाको पुष्ट्याई उल्लेख गरिनु पर्दछ । यस सम्बन्धमा योजना सञ्चालनको कमजोरी सुधार गरिने प्रतिवद्धता व्यक्त भएको छ । | |
| १६ | **आन्तरिक नियन्त्रण प्रणाली :** प्रदेश ३ को आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून | |

बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन जसवाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्बन्धी अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ :

- प्रत्येक कर्मचारीको पदको कार्यविवरण बनाई लागू नगरेको ।
- उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको
- मर्मत अभिलेखको लागि म.ले.प.फा.नं.२ राख्ने नगरेको,
- कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक प्रतिवेदन तयार नगरेको
- योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको ।
- रु.२० हजार रुपैयाँभन्दा बढी मूल्यका, मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्नेमा उपभोक्ता समितिले पेश गर्ने बिल भरपाई पूर्णरुपमा कार्यान्वयन नभएको ।
- भ्रमण अभिलेख खाता नराखेको
- भ्रमणमा खटिने कर्मचारीहरुबाट भ्रमण प्रतिवेदन लिने नगरेको,
- कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,
- प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको,
- यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,
- पेश्की माथि पेश्की दिने गरेको र समयमा पेश्की फछ्र्यौट नगरेको
- नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।
- सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी सम्बन्धित कागजात व्यवस्थित गरी राख्नुपर्नेमा नराखेको ।
- जिन्सी खाता प्रमाणित नगरेको ।
- एकीकृत जिन्सी किताब तयार नगरेको ।
- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८ बमोजिम खरिद योजना बनाई खरिद नभएको
- सबै सेवा प्रवाह प्रक्रियाबद्ध तथा अपाङ्ग मैत्री र लैंङ्गिक समतामूलक रहेको छैन ।

- उपभोक्ता समितिलाई भुक्तानी गर्दा डोर हाजिर फाराम अनुसार ज्यामी ज्याला भुक्तानी १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी नगरेको ।
- अग्रिम कर कट्टी रकम आर्थिक वर्षको अन्त्यमा मात्र दाखिला गरेको र कर एवं मू.अ.कर सम्बन्धित पार्टीको स्थायी लेखा नम्बरबाट दाखिला नगरी कार्यालयको नामबाट दाखिला गरेको ।

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शीता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

१७ **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २०७५।७६ मा गाउँपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| सि.नं. | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या |
|---|---|---|
| १ | विवाह दर्ता | ३३४ |
| २ | जन्म दर्ता | १०९१ |
| ३ | मृत्यु दता | १५९ |
| ४ | बसाईसराई (गएको) | १८५ |
| ५ | बसाईसराई (आएको) | ७८ |
| ६ | सम्बन्ध विच्छेद | ४ |
| | **जम्मा** | **१८५१** |

१८ **न्यायिक समिति :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । गाउँपालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ ।

| अ.ल्या | यस वर्ष थप मुद्दा | जम्मा मुद्दा | फछ्यौट संख्या | वाह्य प्रेषित मुद्दा | बाँकी |
|---|---|---|---|---|---|
| ० | १४ | १४ | १४ | ० | ० |

१९ **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरणतर्फ ९ करोड १७ लाख विनियोजन गरेकोमा र रु.८ करोड ३२ लाख रकम खर्च लेखेको पाइयो । पालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दीर्घकालीन योजना छनौट तथा प्राथमिकीकरण नगरेको र अधिकांश कच्ची बाटोमा रकम खर्च गरेकोले सडकको संरचना तथा स्तरोन्नतीमा ध्यान दिएको पाइएन । तसर्थ पालिकाले मध्यम तथा दीर्घकालीन योजना छनौट तथा प्राथमिकीकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनुपर्दछ ।

२० **जिन्सी व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको व्यवस्थापन तथा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । जसबाट गाउँपालिकाको जिन्सी सम्पत्तिको अवस्था यकिन गर्न सकिएन । जिन्सीको लगत लिने, एकीकृत जिन्सी रजिस्टर तयार गर्ने र नियमावली बमोजिम समग्र रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सो बमोजिम मर्मत सम्भार र लिलाम बिक्री सम्बन्धी कार्य गरेको पाइएन । साथै वडाहरुमा जिन्सी सामानहरु खरिद गरी वडामानै दाखिला गर्ने गरेकोमा सो समेत समावेस गरी जिन्सी अद्यावधिक गरेको पाइएन । जसवाट वडाहरुको जिन्सीको लगत संरक्षण र अभिलेख व्यवस्थापन र प्रतिवेदन गाउँपालिकामा नहुंदा संरक्षणमा समस्या आउन सक्ने देखिन्छ । तसर्थ एउटा कार्यालयको जिन्सी खाता एकै ठाउँ राखी आवश्यक परेमा

| | | |
|---|---|---|
| | सहायक रजिष्टरमा जिन्सी अद्यावधिक गरी सोही बमोजिम जिन्सी लगत तथा निरीक्षण प्रतिवेदन समेत तयार गरी प्रतिवेदन गर्नुपर्दछ । | |
| २१ | **कर्मचारी व्यवस्था** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन र दरबन्दी सम्बन्धी व्यवस्था छ । गाउँपालिको स्वीकृत दरबन्दी ३७ रहेपनि पदपूर्ति २३ रहेको देखियो । विभिन्न १४ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । गाउँपालिकाले ३० कर्मचारी करारमा नियुक्ती गरी ९६,८७,९४७- खर्च लेखेको पाइयो । | |
| २२ | **प्रतिवेदन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ५ मा गाउँपालिका तथा नगरपालीकाले स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगमा पठाउनु पर्ने छ । यस गाउँपालिकाले ऐनमा उल्लेख गरे अनुसार आय-व्ययको चौमासिक शीर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन । | |
| २३ | **आन्तरिक लेखापरीक्षण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्किएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.ले.प शाखा गठन समेत गरेको छैन । त्यस्तै २०७५।७६ को कारोबारको सशर्त अनुदान निकासा खर्च रकमको मात्र को.ले.नि.का., चितवनबाट आन्तरिक लेखापरीक्षण गराएको छ । सो बाहेकको सबै कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको पालना गरी आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| २४ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा खर्च खाताको बाँकी रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्च नभई बाँकी रहेको चालु तथा पूँजीगत खाताको रकम २०७६।६।७ मा मात्र फिर्ता गरेको देखिन्छ । | |
| २५ | **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट यस बर्ष वित्तीय समानीकरण अनुदानमा रु.८ करोड ३२ लाख खर्च लेखेको छ । चौमासिक खर्चको विवरण लेखापरीक्षलाई पेश हुन नआएकोले चौमासिक खर्चको विश्लेषण गर्न सकिएन । | |
| २६ | **लक्षित समूह खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. १२(७) अनुसार लक्षित समूहको कार्यक्रम लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्चगर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा गाउँपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको बजेटवाट पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च नगरी वितरणमूखी कार्यक्रममा खर्च गरेको पाइयो । लक्षित समूहको पूँजी निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा वितरणमूखी गोष्ठी सभा जस्ता कार्यक्रम सञ्चालन भएकोले बजेट सिद्धान्त विपरीत खर्च भएको छ । रकम खर्च गर्दा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ । | |
| २७ | **व्यवसाय कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले कुल आन्तरिक आयतर्फ आम्दानी गर्ने लक्ष्य नै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नवीकरण गर्ने गरेको तथा व्यवसाय | |

| | | |
|---|---|---|
| | दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ । | |
| २८ | **बक्यौता कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ बमोजिम गाउँपालिकाले कर, शुल्क सङ्कलन गर्ने व्यवस्था छ । यस गाउँपालिकामामा दर्ता भएका व्यवसायलाई व्यवसाय नवीकरणको लागि व्यवसाय कर, घर बहाल कर बुझाउन ताकेता समेत गरेको पाइएन । व्यवसाय दर्ता तथा नवीकरण अभिलेख अद्यावधिक गरी कर रकम यकिन हुनुपर्दछ । | |
| २९ | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । आधारभूत तथ्याङ्कको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ३० | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु.५ लाख विनियोजन भएकोमा कोषमा दाखिला भएको देखिएन । आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा ल्याएको देखियो । | |
| ३१ | **आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । यो वर्ष गाउँपालिकाले रु.६ करोड आन्तरिक स्रोत आय प्रक्षेपण गरेकोमा नदीजन्य पदार्थ बिक्री, सिफारिस मालपोत विज्ञापन कर, सम्पत्ति कर, नक्सापास, लगायतको स्रोतबाट रु.२,९६,५८,४७१।५८ मात्र आन्तरिक आय सङ्कलन भएको देखिएको छ । गाउँपलिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरतातर्फ उन्मुख हुन प्रयास गनुपर्ने देखिन्छ । | |
| ३२ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । गाउँपालिकाले नदी उत्खनन् कार्यको लागि IEE गरे तापनि सरसफाईको काममा गाउँपालिका कार्यक्षेत्रको सडक सफाई, फोहोर सङ्कलन व्यवस्थापन, वातावरण सुधारको लागि गाउँपालिकाको ध्यान पुगेको देखिएन । अतः गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत सञ्चालन गर्नुपर्दछ । | |
| ३३ | **खर्चको मापदण्ड :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तियारी र कार्यविधिको उल्लेख छ । पालिकाले बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले वर्षभरीमा तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्बन्धमा मापदण्ड बनाएको पाइएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाई यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | गाडी भाडा | ४९४४३२.०० | गाडी भाडामा लिई खर्च गरेको रकम |
| २ | ईन्धन | १०४६०९५.०० | सवारी साधनहरु |

| | | |
|---|---|---|
| ३४ | **अतिरिक्त सुबिधा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानूनबमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानूनबमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद-७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना बापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीहरु बिहान बेलुका तथा रात्रीको समयमा समेत खटिई काम गरेको भनी ८ जना कर्मचारीलाई थप प्रोत्साहन भत्ता रु.१,८७,०००।- समेत भुक्तानी गरेको छ । कार्यविधि बेगरको अतिरिक्त सुविधा खर्च लेखेको रु. --- | १८७०००.०० |
| ३५ | **तलवी प्रतिबेदन** : निजामती सेवा ऐन २०४९ को दफा ७ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुँदैन । पालिकाले तलबी प्रतिबेदन पारित नगरी तलव रु.५४,००,४५०।३० (कर्मचारीहरु मात्र), स्वास्थ्य कर्मचारीहरुको रु.१,८७,००,०००।- र शिक्षातर्फ रु.८,००,००,०००।- खर्च लेखेको छ । कानूनको व्यवस्था अनुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ । | |
| ३६ | **अवलोकन भ्रमण** : गाउँपालिकाबाट यस बर्ष आन्तरिक चालु शीर्षकबाट आन्तरिक अवलोकन भ्रमणमा रु.७,८५,०००।- खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । | |
| ३७ | **आर्थिक सहायता :** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को बूँदा ३१ मा तोकिएको मापदण्डभित्र रहेरमात्र क्षतिपूर्ति, औषधोपचार र आर्थिक सहायता बापतको खर्च उपलब्ध गराउने उल्लेख छ । गाउँपालिकाले सभाबाट पारित गरी आन्तरिक चालु खर्च शीर्षकबाट विपन्न नागरिक तथा प्रकोप पिडीतलाई घरवास तथा औषधी उपचार खर्च वडा कार्यालयको सिफारिस राखी गाउँपालिकाको बैठकको निर्णयबाट आर्थिक सहायता स्वरुप विभिन्न व्यक्तिहरुलाई ५,५३,१४५।- भुक्तानी गरेको छ । यस्तो खर्च लेख्न कार्यविधि तथा मापदण्ड तयार गरेको छ । | |
| ३८ | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनले व्यवस्था नगरेको अवस्थामा पालिकाले देहायबमोजिम रु.२१,७५,२२५।- सुविधा बापत भुक्तानी भएको छ । सोमध्ये बैठक भत्तामा मात्र खर्च गरेको रु. --- | ७७५५००.०० |

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष जना ७ | कार्यपालिका सदस्य जना ७ जना | सभाका सदस्य २२ जनाको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | तलब सुविधा (मासिक) | ३००००.०० | २५०००.०० | २००००.०० | ६०००.०० | ५०००.०० | |
| २ | संचार सुविधा (मासिक दरमा) | ३०००.०० | २०००.०० | १०००.०० | | | |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा | | | | | | |
| ४ | खाजा भत्ता | | | | | | |
| ५ | पुस्तक पत्रपत्रिका | | | | | | |
| ६ | अनुगमन भत्ता | ८६३००.०० | १०३४००.०० | १२१५७५.०० | | | |
| ७ | खानेपानी, बिजुली | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महशुल | | | | | | |
| ८ | सरसफाई, मर्मत | | | | | | |
| ९ | अतिथि सत्कार | | | | | | |
| १० | यातायात खर्च | | | | | | |
| | मासिक जम्मा | ११९३००.०० | १३०४००.०० | १४२५७५.०० | ६०००.०० | ५०००.०० | ४०३२७५.०० |
| | वार्षिक जम्मा | ११९३०० | १३०४०० | ९९८०२५ | ४२००० | ११०००० | १३९९७२५ |
| | बैठक भत्ता (बैठक संख्याको आधारमा) | | | | | | ७७५५०० |
| | | | | कूल जम्माM | | | २१७५२२५.०० |

३९ **दशै खर्च :** गो.भौ.नं.१३।२०७५।६।२१ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ बमोजिम गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिकाको सदस्य र सभाका सदस्यलाई मासिक सुविधा बाहेक अन्य सुविधा भुक्तानी गर्ने व्यवस्था नभएको हुँदा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँ सभाका सदस्यहरु ३८ जना पदाधिकाकारीहरुले मासिक सुविधा बाहेक दशै खर्च भनी १ महिनाको रु.३,४६,०००।- को १ प्रतिशत कर कट्टा गरी बाँकी रु.३,४२,५४०।- र २९ जना कार्यपालिका सदस्य र सभाका सदस्यहरुको २०७४।७५ को छुट दशै खर्च भनी रु.१,५१,०००।- को कर कट्टा गरी रु.१,४९,४९०।- गरी जम्मा ४,९२,०३०।- सुविधा लिएको नियमसम्मत् देखिदैन । कानून र मापदण्ड अनुसार मात्र सुविधा भुक्तानी गर्नुपर्ने रु. -- ४९२०३०.००

| चाड पर्व खर्च | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | नाम थर | पद | २०७५/०७६ | २०७४/०७५ | जम्मा |
| १ | श्री गिता कुमारी गुरुङ्ग | अध्यक्ष | ३००००.०० | ० | ३००००.०० |
| २ | श्री कृति कुमार श्रेष्ठ | उपाध्यक्ष | २५०००.०० | ० | २५०००.०० |
| ३ | श्री नन्दलाल गिरी | वडा अध्यक्ष १ | २००००.०० | ० | २००००.०० |
| ४ | श्री पञ्च बहादुर प्रजा | वडा अध्यक्ष २ | २००००.०० | ० | २००००.०० |
| ५ | श्री गोवर्धन अधिकारी | वडा अध्यक्ष ३ | २००००.०० | ० | २००००.०० |
| ६ | श्री होम बहादुर राना मगर | वडा अध्यक्ष ४ | २००००.०० | ० | २००००.०० |
| ७ | श्री मोद राज सिलवाल | वडा अध्यक्ष ५ | २००००.०० | ० | २००००.०० |
| ८ | श्री भूपेन्द्र प्रजा | वडा अध्यक्ष ६ | २००००.०० | ० | २००००.०० |
| ९ | श्री बम बहादुर थापा मगर | वडा अध्यक्ष ७ | २००००.०० | ० | २००००.०० |
| १० | श्री विक्रम चेपाङ | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ११ | श्री प्रेम बहादुर प्रजा | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १२ | श्री बुद्धिमान गुरुङ | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १३ | श्री खीर बहादुर प्रजा | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १४ | श्री डिल बहादुर प्रजा | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १५ | श्री गोरे गुरुङ्ग | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १६ | श्री मुक्तिनाथ सिलवाल | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १७ | श्री बाबुकाजी त्रिपाठी | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १८ | श्री युवराज गुरुङ्ग | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| १९ | श्री बलराम त्रिपाठी | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २० | श्री कृष्णराज गुरुङ्ग | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २१ | श्री राम बहादुर घर्ति | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २२ | श्री टेक बहादुर गुरुङ्ग | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २३ | श्री गनिराज प्रजा | सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २४ | श्री अन्जु चेपाङ | म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २५ | श्री मैया चेपाङ | म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| २६ | श्री डम्बर कुमारी प्रजा | का.सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |
| २७ | श्री सावित्री गुरुङ्ग | का.सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | श्री निर्मला श्रेष्ठ | का.सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |
| २९ | श्री पार्वती गुरुङ्ग | म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३० | श्री फुलमती गुरुङ्ग | म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३१ | श्री मैया विश्वकर्मा | द.महिला सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३२ | श्री मन कुमारी सुनार | का. सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |
| ३३ | श्री सिता सुनार | द.म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३४ | श्री मन कुमारी कामी | द. म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३५ | श्री परिमाया कामी | द. म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३६ | श्री सुकमाया सुनार | द. म.सदस्य | ५०००.०० | ५०००.०० | १००००.०० |
| ३७ | श्री भद्र बहादुर प्रजा | का. सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |
| ३८ | श्री मन बहादुर प्रजा | का. सदस्य | ६०००.०० | ६०००.०० | १२०००.०० |
| | | **जम्मा** | **३४६०००.००** | **१५१०००.००** | **४९७०००.००** |

४० **दोहोरो भत्ता :** प्रदेश नं.३ प्रदेशमा सरकारी सेवाबाट अवकास लिई निवृतिभरण पाइरहेका व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा मासिक सुविधा वा निवृत्तिभरणमध्ये एउटामात्र सुविधा रोज्न पाउने व्यवस्था गरेको छ । गाउँपालिकाले पदाधिकारीमध्ये वडा ३ का वडा अध्यक्ष श्री गोवर्धन अधिकारीलाई मासिक रु.२०,०००।- का दरले १ वर्ष रु.२,४०,०००।- भुक्तानी गरेको छ । नियमानुसार पेन्सन वा पदाधिकारी सुविधा कुनै एक छनौट गरी रकम भुक्तानी गर्नुपर्नेमा सो नगरी दुवै थरीको सुविधा उपलब्ध गराएको छ । अतः नपाउने दोहोरो सुविधा रकम असुल हुनपर्ने रु. --- २४००००.००

४१ **वितरणमूखी कार्यक्रम :** लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा पूँजी निर्माण सेवा प्रवाहमा गुणस्तरीय सुधार क्षमता वृद्धि हुने जस्ता मापन गर्न सकिने ठोस कार्यक्रम वा योजनामा मात्र विनियोजन एवं खर्च गर्नुपर्दछ । त्यस गाउँपालिकाले देहाय अनुसार पूँजी निर्माण मापन गर्न नसकिने वितरणमूखी कार्यक्रम सभाबाट स्वीकृत गरी सञ्चालन गरेको देखियो । वितरणमूखी कार्यक्रमले पूँजी निर्माणमा सहयोग नहुने क्षमता वृद्धि र सेवाको गुणस्तरमा कुनै योगदान दिन सहयोगी नहुने भएकोले यस प्रकारका कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम बनाई खर्च गर्ने पद्धति नियमसँगत देखिएन । वितरणमूखी कार्यक्रम सञ्चालन गरी खर्च गरेका केही उदाहरणहरु देहाय अनुसार छन् :

| क्र.सं | लक्षित समूह | कार्य विवरण | खर्च रकम |
|---|---|---|---|
| १ | महिला लक्षित | सिलाई कटाई (वडा नं. ५) | १५००००.०० |
| २ | राजमार्ग सरसफाई (कुरिनटार) | सरसफाई (वडा नं. ३) | ६२५०००.०० |
| ३ | फिसलिंग सरसफाई | सरसफाई (वडा नं. ४) | ६१००००.०० |

४२ **म.ले.प.फा.नं. १८ बेगर भुक्तानी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (७) मा गत वर्षको रकम भुक्तानी गर्न यस वर्षको कार्यक्रमलाई असर नपर्ने गरी बजेटले खामेमा म.ले.प.फा.नं.१८ (भुक्तानी दिन बाँकीको कच्चावारी) प्रमाणित भएको अवस्थामा मात्र भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गतको २०७४।७५ को काउले स्वास्थ्य चौकी रु.६९,००८।-, दारेचोक स्वास्थ्य चौकी रु.१३,३००।- खर्च भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी बेगर रु.२०,२००।- खर्च लेखेको नियमसम्मत् देखिएन ।

४३ **अबण्डा रकम** : गाउँपालिकाले पूँजीगत खर्चको २०७५।७६ को बजेटमा बाँडफाँड नगरी रु.७३,१५,६२७/- बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । पालिकाले बजेट बाडफाँडमा कार्यक्रम ने उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजि रुपमा निर्णय गरी खर्च लेखेको नियमसम्मत् देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ ।

| कार्यक्रमको नाम | रकम |
|---|---|
| भैपरी आउने चालू | ३६१५६२७.०० |
| भैपरी आउने पूँजीगत | ३७०००००.०० |

| | |
|---|---|
| जम्मा | ७३१५६२७.०० |

४४ **औषधीको लोगो परीक्षण :** पालिकाले खरिद गरेका औषधिहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प.को ४७ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ । पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरुमध्ये देहाय बमोजिमका औषधिहरुमा लोगो परीक्षण गर्दा निम्नानुसार देखियो :

| | औषधिहरुको नाम | म्याद नाघे ननाघेको | निशुल्क वितरण लोगो |
|---|---|---|---|
| १ | Amoxycilun 125 mg | नाघेको | Supply for MOHP |
| २ | Co Trihaxaok Tab BP | नाघेको | Ins Supply |
| ३ | Azithromycine Tab 500 mg | June 2020 | Ins Supply |
| ४ | Chlorphemiramine Tab BP 4mg | Oct. 2020 | Ins Supply |
| ५ | VitaB | Nov. 2020 | Supply for MOHP |

४५ **म्याद समाप्त भएका औषधी :** गाउँपालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारका महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट फिर्ता भई आएका औषधीहरू म्याद समाप्त भएको देखिन्छ । म्याद नाघेका औषधी प्रकृया पूरा गरी नष्ट गर्ने र म्याद आवश्यकता औषधीहरू समयमा नै उपयोग गर्नेतर्फ आवश्यक कदम चालिनु पर्दछ ।

| क्र.सं. | औषधीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | Amoxycilun 125 mg | १२००० | ३३६००।०० |
| २. | G.V. Soln | २५० | ३७५०।०० |

४६ **निरीक्षण र स्वीकृति -** पालिकाले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्दछ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व सम्झौता बमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

४७ **दाखिला प्रतिवेदन नभएको :** पालिकाको विभिन्न मितिको निर्णयानुसार निम्नानुसारको स्वास्थ्य संस्थाहरुमा औषधि तथा अन्य सामानहरु हस्तान्तरण फाराम मार्फत पठाएको पाइयो । हस्तान्तरण फाराम मार्फत पठाइएका सामानहरु भण्डार दाखिला गरी ७ दिनभित्र दाखिला प्रतिवेदन समेत पठाइ दिनु भन्ने निर्णयमा उल्लेख छ । कार्यालयबाट निम्नानुसारका समान तथा औषधिहरुको लेखापरीक्षण मिति २०७६।९।४ सम्म दाखिला प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थाबाट पठाएको पाइएन । दाखिला प्रतिवेदन नपठाएका संस्थाहरुमा गएको सामान सही सदुपयोग भयो भन्ने विश्वस्त हुन सकिएन । ह.फा. मार्फत गएका सामानहरुको दाखिला प्रतिवेदन हुनुपर्दछ । दाखिला प्रतिवेदन नभएका केही उदाहरणहरु :

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | ह.फा.नं. निर्णय मिति | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | दाहाखानी स्वास्थ्य चौकी | २०७६।२।१० | विभिन्न औषधीहरु | मुल्य नखुलाई पठाएको |
| २ | चण्डी भन्ज्यांग स्वास्थ्य चौकी | २०७५।१२।१ | विभिन्न औषधीहरु | मुल्य नखुलाई पठाएको |
| ३ | काउले स्वास्थ्य चौकी | २०७६।२।१० | विभिन्न औषधीहरु | मुल्य नखुलाई पठाएको |
| ४ | दारेचोक स्वास्थ्य चौकी | २०७५।६।१८ | विभिन्न औषधीहरु | मुल्य नखुलाई पठाएको |

४८ गो.भौ.नं. ३९६।२०७६।३।३१ गर्भवती आमा र सुत्केरीलाई हर्लिक्स वितरण कार्यक्रम अन्तर्गत ३७७५००.००

<table>
<tr><td></td><td>डोको ट्रेडर्सको बिल नं.१४६ मिति २०७६।३।१८ बाट हर्लिक्स ५०० गोटा र मिक्स सुप २५०० को रु.३,७७,५००।- खर्च लेखेको देखिन्छ । उक्त सामान स्वास्थ्य संयोजक सि.अ.हे.व. धनकुमार खड्कालाई हस्तान्तरण फाराम गरी खर्च लेखेको पाइयो । आर्थिक वर्षको अन्त्यमा खरीद गरी खर्च समेत जनाएकोले लक्षित वर्गले पाएको सुनिश्चित हुने देखिएन । हर्लिक्स वितरण बर्थिंग सेन्टरबाट नामावली प्रमाणित गराई भरपाई पेश नभएको र खर्च समेत वास्तविकता मान्न सक्ने आधार नदेखिएकोले खर्चको यथार्थता सहित भरपाई पेश हुनुपर्ने रु. ---</td><td></td></tr>
<tr><td>४९</td><td>कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७.१.१५ मा प्रशिक्षक भत्ता तथा कार्यपत्रको पारिश्रमिक सोही कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्रको रकम पाउने उल्लेख भएकोमा २०७५।११।७ देखि ९ सञ्चालन गरेको समूह सदस्यको अनुशिक्षण कार्यक्रममा रु.३१,०००।- खर्च भएकोमा देहायका कर्मचारीहरुलाई प्रशिक्षक तथा कार्यपत्र बापतको पारिश्रमिक उपलब्ध गराएकोमा प्रशिक्षण भत्ता रु.३,५००।- मा कर कट्टा गरी दाखिला भएकोमा बाँकी रकम रु.२,९७५।- देहायको प्रशिक्षकको भत्ता असुल गर्नुपर्ने रु. ---
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>कर्मचारीको नाम</th><th>कक्षा</th><th>भुक्तानी</th><th>प्रशिक्षण भत्ता</th></tr>
<tr><td>५४/२०७५/१२/५</td><td>प्र.प.अ.नरहरि सापकोटा</td><td>१</td><td>११००</td><td>४००</td></tr>
<tr><td></td><td>हरिबहादुर देवकोटा</td><td>१</td><td>११००</td><td>३००</td></tr>
<tr><td></td><td>मिना लामा</td><td>४</td><td>४४००</td><td>१६००</td></tr>
<tr><td></td><td>मिना सापकोटा</td><td>३</td><td>३३००</td><td>१२००</td></tr>
<tr><td></td><td>जम्मा:</td><td></td><td>९९००.००</td><td>३५००.००</td></tr>
</table></td><td>२९७५.००</td></tr>
<tr><td>५०</td><td>नापी किताब : निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागी नापीमा अभिलेख राख्नुपर्दछ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची-५ को बूँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माण कार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजाँच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताब प्रयोगमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td>कार्यक्रम सञ्चालन प्रक्रिया : पालिकाबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्याशाला, गोष्ठी गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले तलिम कार्यक्रम गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । नियममा व्यवस्था भएबमोजिम लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन र खर्च सहितको प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td>अनुदान रकमको उपयोग : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । गाउँपालिकामा नियमानुसारको</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | विद्यालयहरुलाई एकमुष्ठ रुपमा शिक्षालाई छुट्याइएको बजेट दिवा खाजा, पाठ्यपुस्तक, मसलन्दमा रु.५० लाखभन्दा बढी विभिन्न विद्यालयलाई अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग व्यवस्था सम्बन्धमा एकिन हुन सकिएन । | |
| | **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा भत्ता बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् : | |
| ५३ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरी परिचयपत्र प्राप्तिका लागि अनुसूचीहरुमा तोकिएको ढाँचामा फारमहरु गाउँपालिकाले निशुल्क उपलब्ध गराउने, साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरी भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली व्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुसाशन कायम गराउनुपर्ने देखिन्छ । | |
| ५४ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालिका र गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन । | |
| ५५ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नुपर्दछ । तर कार्यालयले मूल अभिलेख खाता नमूना छनौट भएका वडाको परीक्षणको लागि पेश गरेकोमा सम्पूर्ण व्यहोरा खुल्ने गरी व्यवस्थित नगरेको र केहीको नामनामेसी समेत छुट भएको र वित्तीय सूचना प्रणाली (MIS) मा नामनामेसी राखेको देखिएन । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पञ्जिकरण विभागमा अनुसूची-८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन । | |
| ५६ | **बैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरुको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ । | |

<table>
<tr><td>५७</td><td>समाजिक सुरक्षा भत्ता वितरण गर्ने भरपाई वित्तीय सूचना प्रणालीबाट प्रिन्ट गरी गराउनु पर्नेमा कम्प्युटर फर्मेट तयार गरी हातले लेखेको पाइयो । तोकिए अनुसार वित्तीय सूचना प्रणाली अनुरुपको भरपाई अनुसार मात्र भत्ता वितरण गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td>दोहोरो भत्ता : देहायका व्यक्तिहरुलाई दोहोरो भत्ता वितरण भएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गरिनु पर्ने रु. ---
<table>
<tr><th>भत्ताको प्रकार</th><th>वडा नं.</th><th>चौमासिक</th><th>लाभग्राहीको नाम</th><th>रकम</th></tr>
<tr><td>ज्येष्ठ नागरिक दलित</td><td>५</td><td>दोस्रो र तेस्रो</td><td>सुकमाया कामी</td><td>८०००.००</td></tr>
<tr><td>विधुवा</td><td>५</td><td>दोस्रो र तेस्रो</td><td>बुद्धिमाया चेपांग</td><td>८०००.००</td></tr>
<tr><td>ज्येष्ठ नागरिक अन्य</td><td>५</td><td>तेस्रो</td><td>विभा गुरुंग</td><td>८०००.००</td></tr>
<tr><td>जम्मा:</td><td></td><td></td><td></td><td>२४०००.००</td></tr>
</table></td><td>२४०००.००</td></tr>
<tr><td>५९</td><td>बजेट तथा कार्यक्रम : यो बर्ष गाउँसभाबाट रु.५२ करोड ३३ लाख ६६ हजारको आम्दानी खर्च हुने गरी बजेट स्वीकृत गरेको छ । क्षेत्रगत बजेट बाँडफाँड र योजना सञ्चालन स्थिति निम्नानुसार देखिन्छ :
<table>
<tr><th>सि.नं.</th><th>विनियोजनको क्षेत्र</th><th>बजेट (रुहजारमा)</th><th>कार्यक्रम संख्या</th><th>बजेटको सीमा</th></tr>
<tr><td>१.</td><td>उद्योग तथा वाणिज्य</td><td>३२००</td><td>३</td><td>१० लाख-१२ लाख</td></tr>
<tr><td>२.</td><td>कृषि</td><td>७१००</td><td>१८</td><td>२ लाख-१० लाख</td></tr>
<tr><td>३.</td><td>पशु सेवा</td><td>४१५०</td><td>१०</td><td>७५ हजार-८ लाख</td></tr>
<tr><td>४.</td><td>सामाजिक विकास</td><td>६६००</td><td>१६</td><td>५० हजार-३० लाख</td></tr>
<tr><td>५.</td><td>शिक्षा</td><td>१९७००</td><td>१६</td><td>१ लाख ५० हजार-<br>१ करोड ३० लाख</td></tr>
<tr><td>६.</td><td>स्वास्थ्य</td><td>५१५०</td><td>१०</td><td>१ लाख ५० हजार-१५ लाख</td></tr>
<tr><td>७.</td><td>संस्कृति प्रवर्द्धन</td><td>३९५०</td><td>२१</td><td>५० हजार ५-लाख</td></tr>
<tr><td colspan="5">पूर्वाधार विकास</td></tr>
<tr><td>८.</td><td>उर्जा</td><td>८०००</td><td>४</td><td>१० लाख-५० लाख</td></tr>
<tr><td>९.</td><td>खानेपानी पूर्वाधार कार्यक्रम</td><td>१९२२०</td><td>५७</td><td>५० हजार-२५ लाख</td></tr>
<tr><td>१०.</td><td>भवन तथा शहरी विकास</td><td>१८१००</td><td>४२</td><td>५० हजार-२० लाख</td></tr>
<tr><td>११.</td><td>सडक तथा पुल</td><td>११३०००</td><td>७६</td><td>५० हजार-८० लाख</td></tr>
<tr><td>१२.</td><td>सिंचाई</td><td>५७००</td><td>१३</td><td>३ लाख-८ लाख</td></tr>
<tr><td>१३.</td><td>जल उत्पन्न प्रकोप</td><td>७०५०</td><td>१५</td><td>१ लाख-२५ लाख</td></tr>
<tr><td>१४.</td><td>फोहोर मैला व्यवस्थापन</td><td>२८५०</td><td>७</td><td>५० हजार-१५ लाख</td></tr>
<tr><td>१५.</td><td>सूचना व्यवस्थापन</td><td>६००</td><td>२</td><td>२० हजार-८ लाख</td></tr>
<tr><td>१६.</td><td>विविध</td><td>१५२०</td><td></td><td>५ लाख-१० लाख</td></tr>
<tr><td>१७.</td><td>युवा तथा खेलकूद र मनोरञ्जन</td><td>८३००</td><td></td><td>५० हजार-१० लाख</td></tr>
</table>
(क) स्वीकृत कार्यक्रम ३३० मध्ये के कति सञ्चालित भयो खर्च सहित प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।<br><br>
(ख) स्वीकृत कार्यक्रममध्ये संशोधित कार्यक्रम तथा रकमान्तर भएको विवरण पेश नभएकोले स्वीकृत बजेट सीमाभित्र खर्च भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।<br><br>
(ग) कार्यक्रम तर्जुमा गर्दा उद्यमशीलता विकास रोजगारीको अवसर, स्थानीय स्रोत साधनको क्षमताको प्रयोग एवं स्थानीय आवश्यक्तालाई विचार गरी योजनाहरुको प्राथमिकीकरण गर्ने तथा वितरणमूखी र अनुत्पादक लगानीमा नियन्त्रण गरिनुपर्दछ ।<br><br>
(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना र कार्यक्रमबीच</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने देखिन्छ। | |
| ६० | **लागत अनुमान** : पालिकाबाट सञ्चालित अधिकांश योजनाहरुको लागत अनुमान अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ। लागत अनुमान तयार गर्दा कूल कार्यमध्ये के कति कार्य गर्ने हो सो खुलाएको छैन। हरेक बर्ष सानो सानो रकम छुट्याउँदै कार्य गर्दै गएकोमा आयोजना क्रमागत निर्माणाधीन भएको समेत खुलाएको छैन। यसबाट कार्यक्रम दोहोरो हुने र अधुरो अवस्थामा नै रहेको समेत यकिन नहुने अवस्था रहेको देखिन्छ। लागत अनुमान तयार गर्दा के कति कामको लागि बजेट खर्च पुग्ने हो सो खुलाई लागत अनुमान स्वीकृत गरिनु पर्दछ। | |
| ६१ | **केबलकार सञ्चालन दस्तुर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (घ) मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर लगाउने अधिकार गाउँपालिकालाई रहेको छ। गाउँपालिकाले केबल कार सञ्चालनमा शुल्क निर्धारण गरेको देखिएन। आ.व. २०७४।७५ को टिकट बिक्री आय रु.५२,१६,७६,४९३।३० को ०.२५ प्रतिशतले हुने रकम रु.१३,०४,४७६।४० मनकामना दर्शन प्रा.लि.बाट आम्दानी गरेको देखिन्छ। गाउँपालिकाबाट शुल्क निर्धारण गरी २०७५।७६ को आम्दानी प्राप्त गर्न अनुगमन गर्ने तथा प्राप्त नभएकोमा ताकेतासम्म पनि गरेको नदेखिएकोले आन्तरिक स्रोत वृद्धितर्फ प्रयास गर्नुपर्दछ। | |
| | (क) मनकामना दर्शन प्रा.लि. (३०००९४४८०) ले विगत ३ बर्षमा निम्नानुसार टिकट बिक्री गरेको आय-व्यय विवरण कर कार्यालयमा पेश गरेको आधारमासो अनुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार टिकट दस्तुर र सामाजिक उत्तरदायित्व समेतको रकम असुल गर्नुपर्ने देखिन्छ। | |
| | (ख) उपरोक्त अनुसार २०७४।७५ मा टिकट बिक्री आयमा रकम घटी भएको रु.१,२४,७५६।०५ सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने रु. --- | १२४७५६.०५ |
| ६२ | **वन क्षेत्रको आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्ययोजना बनाई गाउँपालिबाट स्वीकृत गराउनु पर्ने र वन पैदावर बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पेश गरे नगरेको र रकम दाखिला नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन। यो बर्ष वन पैदावर बिक्री बापतको आय प्राप्त गरेका देखिएन। यसबाट ठूलो परिमाणमा आय छुट भएको देखिन्छ। | |
| ६३ | **इच्छाकामना मन्दिर निर्माण :** प्रदेश सरकार सशर्त अनुदानबाट इच्छाकामना मन्दिर निर्माण कार्यको लागि रु.५० लाख बजेट स्वीकृत भएको देखिन्छ। उक्त कार्यको रु.५६,४५,०११।२९ लागत अनुमान स्वीकृत गरी २०७६।२।८ मा उपभोक्ता समिति अध्यक्ष नर बहादुर गुरुङ्गसँग सम्झौता गरी २०७६।३।२० भित्र कार्यसम्पन्न गर्ने गरी कार्यादेश भएको पाईयो। उक्त कार्यको शिलान्यास २०७६।२।१० मा गरेको देखिन्छ भने कूल मूल्याङ्कन रु.५६,५८,५१९।५८ गरी खर्चका बिल भरपाई समेत पेश गरेको देखिन्छ। भौ.नं. ७ मिति २०७६।३।३१ मा रु.५० लाख बजेट खर्च लेखी कन्टेन्जेन्सी बापत रु.१,५०,०००।- अग्रिम आयकर कट्टी रु.८४,३३८।- र बहाल कर रु.१०,०००।- कट्टी देखाई उपभोक्त समितिलाई रु.४७,५५,६६२।- भुक्तानी गरेको छ भने उपभोक्ता समितिको नाममा रु.४८,५०,०००।- पेश्की कायम सम्झौता औपचारिक शिलान्यास भएको मितिले ४० दिनमा कार्यसम्पन्न हुन सक्ने आधार देखिएन। उक्त कार्यको प्राविधिक मूल्यांकन, वडाध्यक्ष मोदराज सिलवालको सिफारिस | |

| आर्थिक वर्ष | टिकट विकी |
|---|---|
| २०७३.७४ | ५५५०५६०४८ |
| २०७४.७५ | ५७१६९२९.८२ |
| २०७५.७६ | ६८४५९६७२० |

| | | |
|---|---|---|
| | २०७६।३।२५ मा प्राविधिक २ जना र योजना अनुगमन समितिका संयोजक उपाध्यक्ष कृति कुमार श्रेष्ठज्यूबाट योजना अनुगमन गरेको कार्यसम्पन्न भएको प्रतिवेदन पेश गरेको देखिन्छ । लेखापरीक्षणको सिलसिलामा २०७६।९।३ गते प्राविधिक समेतको टोलीबाट मन्दिर निरीक्षण गर्दा यो बर्षको कार्यमा रहेको आँखीभ्याल ३ र मूल ढोका हाल्न बाँकी नै रहेको देखिन्छ । उक्त कार्यको लागि रु.७,४०,१५०।- मूल्याङ्कन गरेको छ । आषाढ मसान्तमा नै नापी मूल्याङ्कन कार्यसम्पन्न प्रतिवेदन र अनुगमनबाट कार्य भएको प्रमाणित गर्नुले खर्चको वास्तविकता यकिन नगरी डकुमेण्ट्स तयार गरेको पाइयो । यसरी कार्यसम्पन्न नभई कागजात तयार गर्नु उचित देखिएन । | |
| ६४ | इच्छाकामना मन्दिर निर्माण कार्यको विस्तृत योजना प्रतिवेदनलाई आधार मानी यो बर्ष स्वीकृत बजेट ५० लाखलाई आधार मानी रु ५,६६,४५,०११।३० लागत अनुमान तयार छ । लागत अनुमान गरेको आधार स्पष्ट हुन सकेन । छलफलको क्रममा काठको कोटेशन प्राप्त गरी लागत अनुमान तयार गरेको प्रतिक्रिया रहेको छ । पुरातात्विक सम्पदाको पुनःनिर्माणमा पुरातत्व विभागको प्राविधिक सहयोग र नर्म्समा कार्य गर्नुपर्ने देखिन्छ । | |
| ६५ | **बोलपत्र मूल्याङ्कन समिति :** सार्वजनिक खरीद नियमावली, २०६४ मा बोलपत्र मूल्याङ्कन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बोलपत्र मूल्याङ्कन समिति इन्जिनियर प्रदिप कुमार त्रिपाठीको संयोजकत्वमा ४ सदस्य तोकेकोमा विभिन्न ५ जनालाई आमन्त्रित सदस्यमा राखी खर्च लेखेको देखिन्छ । बढीमा ३ जनासम्म विशेषज्ञको रुपमा आमन्त्रण गर्न सकिनेमा तोकिएभन्दा बढी नभई नहुने विशेषज्ञ नभएकोमा समेत भत्ता खर्च लेख्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ । यस बर्ष भत्ता शीर्षकमा कूल भएको खर्च विवरण पेश नभएकोले खर्चको विश्लेषण गर्न सकिएन । | |
| ६६ | **उपरदाङगढी संरक्षण :** उपरदाङगढी संरक्षण कार्यको रु.११,४०,१३७४३ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति अध्यक्ष ढलक बहादुर मगरसँग सम्झौता गरेको र २०७५।११।१५ मा कार्यादेश भएको देखिन्छ । उक्त कार्यको रु.११,२६,७९५।७६ नापी मूल्याङ्कन गरी कन्टेन्जेन्सी र कर समेत रु.१०,००,०००।- खर्च लेखेको छ । चेन लिङ्क फेन्सिङ ३०० मीटर कार्य भएको नापी मूल्याङ्कनबाट देखिन्छ । उक्त कार्यको कूल लागत यकिन नभएको विगतमा के कति कार्य भएको सो समेत खुल्ने विवरण राखेको देखिएन । यसबाट यो बर्ष ३०० मीटर जाली लगाउनुको औचित्य समेत देखिएन । सिमित साधनको मितव्ययी उपयोग र दीगो प्रतिफलमूखी योजना सञ्चालन गरिनु पर्दछ । | |
| ६७ | **ज्येष्ठ नागरिक चाडपर्व खर्च :** गाउँपालिकाले ७० बर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकलाई रु.१,०००।- थप चाडवाड खर्च दिने निर्णय गरेको देखिन्छ । यस्तो रकम आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा २०७५।७६ को बजेटमा रु.१८,००,०००।- छुट्याएको देखिन्छ । आन्तरिक स्रोत न्यून रहेको अवस्थामा थप व्यय भार बढ्दै जाने देखिन्छ । | |
| ६८ | **योजना तथा अनुगमन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ख)(५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने उपाध्यक्षको काम, कर्तव्य तोकिएको छ । योजना अनुगमनको मूल्यांकन फाराम भरे पनि बर्षभरीमा के कति योजना अनुगमन भयो र कार्यान्वयन स्थिति तथा सुधार सम्बन्धमा प्रतिवेदन तयार गरेको देखिएन । ऐनले तोकिएबमोजिम अनुगमनको प्रतिवेदन तयार गरी बैठकमा पेश गरिनुपर्दछ । | |
| ६९ | **पिच कार्य :** यस कार्यालयले उपभोत्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरी परीक्षण गरिएका केही कार्यको स्थिति निम्नअनुसार रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन :<br><br>सार्बजनिक खरीद ऐन, २०६३ दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै | |

रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) प्राविधिक रूपमा जटिल काम मेसिन औजार प्रयोग गरी काम गर्नुपर्ने अवस्थाका काम गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहायका प्राविधिक रूपमा जटिल काम (मेसिन औजार प्रयोग गरी काम गर्नुपर्ने अबस्थाका काम) अर्थात सडक पिच गर्ने जस्ता काम उपभोक्ता समितिसँग गराएको देखिन्छ । प्रविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समिति बाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ । उपभोक्ता समितिबाट सडक पिच भएका केही उदाहरणहरु :

| **निर्माण** | **लागत अनुमान** | **कूल मूल्याङ्कन** | **खर्च** | **कैफियत** |
|---|---|---|---|---|
| सिमल ढाप पिपलटार | ५९१९४१०.०० | ५६६५२१४.४३ | ५००००००.०० | अन्जना निर्माण सेवाको कर बिजक पेश भएको |
| पिपल टार कालो पत्रे सडक | ३३७०२३९.२१ | ३४५९६७५.३३ | ३००००००.०० | अन्जना निर्माण सेवाको कर बिजक पेश भएको |

७० **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) र (१०) बमोजिम उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन । तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिनेछ भनिएको छ । साथै उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनिएको छ । विभिन्न आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आफूले लिइएको काम निर्माण व्यवसायीबाट गराएको र हेभी मेसिनहरु सहमति नलिई प्रयोग गरिएको पाइयो ।

गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गरेकोमा लागत अनुमानमा मेशिन प्रयोग गर्नेगरी गरेको र उपभोक्ता समितिले पेश गरेका बिल भरपाईबाट निर्माण व्यवसायीको कर बिजक पेश भएको देखिन्छ । यसबाट प्रतिस्पर्धा नहुने रोजगारी सिर्जना नहुने र श्रममूलक काम उपभोक्ताले नाली निर्माण गरेको देखाए पनि वास्तविक हुने नदेखिएकोले नाली निर्माणको लागत मानिसले खन्ने दर रेटको भुक्तानी औचित्य पूर्ण देखिएन । केही उदाहरण देहाय अनुसार छन्:

| भौ.नं. | योजना | कूल मूल्यांकन | भुक्तानी खर्च | कैफियत |
|---|---|---|---|---|
| १९० | काहुले हर्पन वल्याङ्ग मोटरबाटो | ४४२६१९७.६७ | ४०००००० | अमलाचली निर्माण सेवा प्रा.लि. कर बिजक नं. ०२२।२०८६।२।४ को बिल पेश ४०४३१२६।०० |
| २०५ | नयाँबस्ती सराथोक लामीडाँडा सडक स्तरोन्नती | ३६९०६१३.६७ | ३६९१८५४.७ | कमल कस्ट्क्सन एण्ड सप्लचयर को कर विजक पेश |
| २४६ | चौकिडाँडा ज्यानदाला मोटरबाटो | २२९३४७१.०० | २०००००० | अमलाचली निर्माण सेवा प्रा.लि. कर बिजक नं.०३२ |
| २८७ | कोट भन्ज्यांग मेटांग लोवांग | ३३७११०९.९१ | ३०००००० | अमलाचली निर्माण सेवा प्रा.लि. कर बिजक नं.०३६।०७६।३।२७ ( २९४७४४८।४१) |
| २९९ | कालिखोला रैवुंग मोटरबाटो ( अन्तिम बिल) | ४९००६४६.६२ | ४५००००० | जि.एन.निर्माण सेवा, कर बिजक नं. ०२१ (२६३११३१) अन्तिम बिलको मात्र |
| २८६ | कोटभन्ज्यांग हात्तिवांग सडक स्तरोन्नती | २६०४९३४.५४ | २२७०००० | अमलाचली निर्माण सेवा प्रा.लि. कर बिजक नं. ०३४ (१८६२८१६) |
| १८९ | माथिल्लो काउले उपदांगढी मोटरबाटो | २२३१०७३ | २०००००० | अमलाचली निर्माण सेवा प्रा.लि. कर बिजक नं.०१८ ( १९७२४९०।८४) |

उपरोक्त अनुसार एकै व्यवसायीको मेशिन विभिन्न काममा प्रयोग भएको कर बिजक पेश भएको र मानिसले नाली निर्माण गरेको समेत वास्तविक छ भन्ने आधार देखिएन । यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ ।

(क) गाउँपालिका अन्तर्गत अधिकांश उपभोक्ता समितिले पेश गरेको कर बीजकमा अमलाचुली निर्माण सेवा, जोगीमारा कन्सट्रक्सन एण्ड सप्लायर्स र कमल कन्सट्रक्सन एण्ड सप्लायर्सका मूल्य अभिवृद्धि कर बीजक पेश गरेका छन् । हेभी मेशिनरी प्रयोगको मेशिन प्रयोगको घण्टा खुल्ने गरी लगसिट लिनुपर्ने र नाली निर्माण सम्बन्धमा के कति काम भएको परिमाण खुलाई अनुगमन निरीक्षण प्रतिवेदनमा उल्लेख गर्नुपर्ने देखिन्छ । ।

७१ **आन्तरिक आय :** यो बर्ष आन्तरिक स्रोतबाट रु.६ करोड आम्दानी गर्ने लक्ष्य राखेकोमा रु.३,१०,४८,७६४।- प्राप्त भई लक्ष्यको ५१.७४ प्रतिशत असुली भएको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र तोकिएको छ । गाउँपालिकाले सम्पत्ति कर, घर जग्गा बहाल कर, व्यवसाय कर, पार्किङ्ग शुल्क, जडिबुटी, कवाडी र जीवजन्तु कर सेवा शुल्क स्लेट ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य बस्तुको बिक्री गर्न र सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने व्यवस्था अनुसार

आन्तरिक स्रोत वृद्धि तर्फ प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ ।

(क) आय-व्यय विवरणमा आन्तरिक आय रु.३,१०,४८,७६४।९९ देखिएकोमा राजस्वको शीर्षकगत असुली अनुसार रु.२,९६,५८,४७१।५८ मात्र देखाएको छ । गाउँपालिकाले कम्प्युटर बिलको आय रु.३,८४,५६,८४४।६४ को मात्र नगदी रसीद अनुसार अभिलेख राखेको छ । अन्य वडा र बैंक भौचर आम्दानीको आय खातामा प्रविष्टी समेत नभएकोले आम्दानी भिडान गर्ने आधार देखिएन । शीर्षक गत असुलीमा फरक रु.१३,९०,२९३।४१ सम्बन्धमा यकिन गरिनु पर्दछ ।

७२ **थप समपूरक अनुदान :** प्रदेश सरकार मन्त्रिपरिषद्को २०७५।१२।२ को निर्णय अनुसार सिचाई भालुमारा वडा नं.७ का लागि रु.१,३३,३५,७३२।- र भवन सहितको बाल उद्यान निर्माण वडा नं.५ को लागि ९४,७५,९५४।- बजेट निकासा भएकोमा उक्त कार्यका लागि यो बर्ष २०७६।३।४ मा बोलपत्र सूचनासम्म प्रकाशन भएको देखिन्छ ।

समपूरक अनुदान रकम खर्च गर्ने मार्गदर्शनको बूँदा ३ मा चालू आ.व.मा समपूरक अनुदान प्राप्त योजनाहरु कार्यान्वयन भएमा निकासा भइसकेको रकम फ्रिज नहुने, निकासा भइसकेको रकमबाट आगामी बर्षमा उक्त योजना निरन्तरता दिन सकिने उक्त योजना आगामी आ.व.मा अनिवार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षण अवधिसम्म भुक्तानी नभएकोले योजना सम्पन्न गर्ने गरी कार्य प्रभावकारी बनाउन पर्ने देखिन्छ ।

७३ **आय ठेक्का व्यवस्थापन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र ६४ अनुसार ढुङ्गा गिट्टी बालुवा, ग्राभेल उत्खनन् गरी बिक्री गर्ने कार्यको लागि बोलपत्र आव्हान गरेकोमा निम्नानुसार बोलपत्र स्वीकृत गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

| ठेक्का नं. | न्युनतम अंक | फमको नाम | अंक |
|---|---|---|---|
| १ | ४०५५०० | जयसिता कन्स्ट्रक्सन | १२००००० |
| २ | ४१९४८२ | | ० |
| ३ | ६९९१३८ | अतिब्रदर्श कन्स्ट्रक्सन | ३९७५००० |
| ४ | ३१४६१२ | जोगीमारा कन्स्ट्रक्सन | ७०७००७ |
| ५ | २०६६६५ | एनआर ह्युम पाईप उद्योग | २५००००० |
| ६ | १४९१९६० | इच्छाकामना बालुवा प्रशोधन प्रा.लि. | २५००००० |
| ७ | ९९९७६७ | हाइवे कन्स्ट्रक्सन प्रा.लि. | ३११२००० |
| ८ | ७५१७४८१ | हाइवे कन्स्ट्रक्सन प्रा.लि. | ३५२००३०० |
| **जम्मा** | **१२०५४६०५** | | **४९१९४३०७** |

७३.१ गाउँपालिकाको ठेक्कागत असुली र ठेक्का सम्बन्धि फाइल अद्यावधिक नगरेकोले असुली भिडान गर्न सकिएन। यो वर्ष रु.४,००,२९,४९१।- मिति २०७६।३।४ मा बाँडफाँड गरी स्थानीय सञ्चित कोष रु.२,०७,२१,३६७।- प्रदेश नं.३ मा रु.१,३८,१४,२४५।२३ मू.अ.कर रु.४९,६२,९५९।८१, अग्रिम आयकर रु.५,३०,९१८।- दाखिला गरेको देखिन्छ । त्यस्तै यस वर्षको असुल गर्न बाँकी रु.१,६१,२२,०००।- मिति २०७६।४।१७ मा असुल गरी सम्बन्धित खातामा दाखिला गरेको देखिन्छ ।

७३.२ गाउँपालिकाले आय ठेक्का सम्बन्धी फाईल अद्यावधिक नगरेकोले बोलपत्र सम्बन्धी अन्य विषय परीक्षण गर्न सकिएन । आय ठेक्का विद्युतीय माध्यबाट बोलपत्र (E-Bidding) माग गरेको पाइएन भने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना पत्रिकामा प्रकाशन गरेको देखिएन ।

७३.३ गाउँपालिकाले सम्झौता कार्यादेश भएकोभन्दा बढी परिमाण सङ्कलन बिक्री वितरण गरे नगरेको सम्बन्धमा नियमित रुपमा प्रगति विवरण लिई अनुगमन गरेको प्रतिवेदन पेश भएन । यसबाट तोकिए बमोजिम परिमाण मात्र सङ्कलन बिक्री वितरण भएको छ भन्ने सुनिश्चित हुने देखिएन । सङ्कलन बिक्री वितरणको प्रगति प्रतिवेदन लिई अनुगमन

| | | |
|---|---|---|
| | प्रभावकारी बनाउनु पर्दछ । | |
| ७३.४ | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) मा बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासँग आवश्यक जानकारी माग गर्न सक्ने उल्लेख छ । बोलपत्र मूल्याङ्कन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| | (क) ठेक्का नं.७ थानखोला क्षेत्रको लागि ९ वटा बोलपत्र परेकोमा सबैभन्दा बढी कबुल गर्ने नताशा निर्माण सेवा भरतपुर चितवनको रु.६६,६६,६६६।- को बोलपत्र स्वीकृतिको लागि सिफारिस गरेको देखिन्छ । तुलनात्मक तालिकामा मसि फरक परेको उल्लेख छ । दोस्रो घटीवालाको २०७३।७४ को मात्र कर चुक्ता प्रमाण भएको, तेस्रो वालाको सम्बन्धमा केही उल्लेख गरेको तथा धरौटी जफत गर्ने निर्णय पत्राचार समेत देखिएन । चौथो घटीवाला हाइवे कन्स्ट्रक्सनसँग रु.३१,१२,०००।- मा सम्झौता गरेको देखिन्छ । यस सम्बन्धमा छानबिन गरी वास्तविकता यकिन गरी राजस्व असुल गरिनु पर्दछ ।<br><br>(ख) ठेक्का नं.६ झंगझगे क्षेत्र भोटीखोला दोभान क्षेत्रको ६ वटा बोलपत्र परेकोमा बढी कबोल गर्ने पहिलो रु.५१,००,०००।- र दोस्रोको रु.३०,००,०००।- वालाले २०७३।७४ को मात्र करचुक्ता प्रमाण पेश भएको भनी तेस्रो बढी कबोल गर्ने इच्छाकामना बालुवा प्रशोधन उद्योग प्रा.लि.को रु.२५,००,०००।- बोलपत्र स्वीकृत गरेको देखिन्छ । यसबाट रु.२६,००,०००।- कम राजस्व प्राप्त भएको देखिन्छ ।<br><br>(ग) ठेक्का नं.८ खगेडी खोला क्षेत्रको लागि १२ वटा बोलपत्र परेकोमा सबैभन्दा बढी कबोल गर्ने एन.के. इन्टरनेशनल कन्स्ट्रक्सन कम्पनी प्रा.लि.को कबोल अङ्क रु.३,६३,८१,५१४।१५ भएकोमा २०७३।७४ को मात्र कर चुक्ता प्रमाण पेश भएको भनि दोस्रो घटीवाला हाइवे कन्स्ट्रक्सन कं.प्रा.लि.को रु.३,५२,००,३००।- को बोलपत्र स्वीकृत भएको देखिन्छ । यसबाट रु.११,८१,२१४।१५ घटी राजस्व आम्दानी भएको देखिन्छ ।<br><br>(घ) ठेक्का नं.४ धारापानी खोलाको सबैभन्दा बढी कबोल गर्ने अभियान कन्स्ट्रक्सनको रु.८,००,०००।- भएकोमा २०७३।७४ को मात्र कर चुक्ता पेश भएको भनी दोस्रो घटीवाला जोगीमारा कन्स्ट्रक्सनको रु.७,०७,००७।- को बोलपत्र स्वीकृत भएको देखिन्छ । यसबाट रु.९२,९९२।- कम राजस्व प्राप्त भएको देखिन्छ ।<br><br>(ङ) कार्यालयले यो बर्ष धरौटी जफत रु.५,२३,४४५।- आम्दानी देखाएको छ । के कुन ठेक्काको कति रकम हो सो समेत खुल्ने विवरण पेश भएन । | |
| ७४ | **राजस्व लेखा स्रेस्ता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले यो वर्ष रु.३,१०,४८,७१४।९८ आन्तरिक राजस्व आम्दानी गरेको देखाएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।<br><br>१ गाउँपालिकाले नगदी रसीद नियन्त्रण खाता म.ले.प.फा.नं. ११८ राखेको पाइएन । वडा कार्यालयहरुबाट नगदी रसीद अनुसार रकम प्राप्त भए नभएको एकिन गर्ने गरेको पाइएन । वडा कार्यालयबाट मासिक रुपमा मात्र बैंक दाखिला हुने गरेको र बैंक भौचरको आधारमा आम्दानी जनाएको देखिन्छ । वडाबाट असुली भएको रकमको नगदी रसीद फिर्ता प्राप्त गरी राजस्व यकिन गरिनु पर्दछ ।<br><br>२ गाउँपालिकाले २०७५।७५ देखि कम्प्युटरबाट बिल काटेको देखिन्छ । यो वर्ष कम्प्युटर विलिङ्गबाट रु.३८,४४,८५४।६४ आम्दानी गरेकोमा दैनिक आम्दानी खाता राखेको पाइयो भने अन्य रकम बैंक जम्मा गरेको आधारमा आम्दानी गरेको देखिन्छ । वडा तथा गाउँपालिकाबाट नगदी रसीद काटेको रकम र सोझै बैंक दाखिला भई आम्दानी गरेको रकमको आम्दानी खाता अभिलेख राखेको छैन । यसबाट राजस्व असुली रकम | १९५०००.०० |

भिडान गर्न नसकिएको रकम रु. ---

३ गाउँपालिकाले यो वर्ष विज्ञापन कर वापत रु.१५,००,०००।- आम्दानी गरेको देखिन्छ । गत वर्षको क्रमागत सम्झौता अनुसार आम्दानी भएकोमा मुल्य अभिवृद्धि ऐन, २०५२ र नियमावली २०५३ अनुसार आय ठेक्काको कबोल अंकमा लाग्ने मूल्य अभिवृद्धि कर वापतको रकम रु.१,९५,०००।- सम्बन्धित पार्टीले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.१,९५,०००।-

७५ **ठेक्का फाइल :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४९ मा खरीद कारबाहीको अभिलेख सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले खरीद कार्यको छुट्टाछुट्टै फाइल खडा गरी व्यवस्थित रुपमा राखेको छैन । स्वीकृत भएको लागत अनुमानको प्रति समेत पेश नभई E Bidding को बिल अफ क्वान्टीटिमा प्रमाणित मात्र गरेको देखिन आयो भने खरीदको सूचना बोलपत्र खोलेको मुचुल्का, प्रिविड मिटिंगको माइन्युट बोलपत्र मुल्यांकन प्रतिवेदन ठेक्का स्वीकृत गर्ने आसयको सूचना बोलपत्र स्वीकृत गरेको निर्णय, ठेक्का सम्झौता कार्यादेश लगायतको विवरण अद्यावधिक गरेको छैन । यसबाट ठेक्का सम्बन्धी निर्णय यथार्थता स्पष्ट हुन सक्ने देखिएन । प्रत्येक खरीद कार्यको अभिलेख तोकिए बमोजिम अद्यावधिक गरिनु पर्दछ ।

१ गाउँपालिकाले ठेक्का सम्बन्धी अभिलेख म.ले.प.फा.नं.१९० राखेको छैन । यो वर्ष खर्चतर्फ के कति ठेक्का सम्झौता भए सोको विवरण नै अद्यावधिक गरेको छैन । लेखापरीक्षणमा पेश भएको विवरण (प्रमाणित नभएको) अनुसार यो वर्ष विभिन्न १० ठेक्का सम्झौता भएको देखिन्छ । यो वर्ष एक ठेक्का मात्र सम्पन्न भएको र अन्य क्रमागत रहेको देखिन्छ । ठेक्का सम्बन्धी विवरण निम्नानुसार देखिएको छ :

| योजनाको नाम | फर्मको नाम | लागत अनुमान | कबोल अंक | घटी प्रतिशत |
|---|---|---|---|---|
| सर्वशान्ति क्याम्पस स्तरोन्नती | ज्योति निर्माण सेवा | २९२२४०६.६६ | २११०८७७.२८ | २७.७७ |
| ज्यानदाला खानेपानी लिफ्टिङ्ग | जलेश्वर निर्माण सेवा | १९४८१५४.९६ | १८०६५५२.६५ | ७.२७ |
| हातीवाङ चौकी भञ्ज्याङ्ग सडक | शाश्वत कन्स्ट्रक्सन | ७३०५६६५.०४ | ३३४९०५९.३९ | ५४.१६ |
| चौकी डाडा बङ्गयाङ थाप्राङ्ग राङचुराङ जौतु कालिङ सडक निर्माण | नयाँ निर्माण सेवा | २९२२२३२.७५ | १६०६१७१.१५ | ४५.०४ |
| लामो झरना सडक निर्माण ढलान पिच | नयाँ निर्माण सेवा | ३८९५९१८.१४ | २६५९०४३.६० | ३१.७५ |
| फोक्सिङ साठीमुरे पामडाँडा हेल्थपोष्ट किट्श्वारा सडक निर्माण | जि.एन.निर्माण सेवा | ३८९६५२१.६१ | ३३३७७५०.५० | १४.३४ |
| चनौटे ढुङ्ग्रे इच्छाकमना नयाँ ट्र्याक | शाश्वत कन्स्ट्रक्सन | ७३०५९३७.९२ | ४४८१००८.२४ | ३८.६७ |
| भातखाने खोला सडक स्लेभ कलभर्ट निर्माण | जलेश्वर निर्माण सेवा हाइवे | ४८७०६८९.४४ | ३२८३१९३ | ३२.५९ |
| थानखोला भालुमारा सडक कालोपत्रे | हाइवे कन्स्ट्रक्सन | ६३३०९५४.०७ | ६१५५९९१.४० | २.७६ |
| तामिन इच्छाकामना सडक निर्माण | शाश्वत कन्स्ट्रक्सन | ७३०५११७.२५ | ३२१६२७९.२८ | ५५.९७ |

२. मिति २०७५।११।२८ मा प्रकाशित बोलपत्र सूचनामा २ वटा खाता उल्लेख गरेको देखिन्छ । बोलपत्र दस्तुर वापतको रकम राजस्व खातामा जम्मा गर्नुपर्नेमा धरौटी खातामा जम्मा भएको भनी घटीवालाको बोलपत्र अस्वीकृत गरेको देखिन्छ । यसबाट निम्नानुसार कबोल अङ्क फरक भई बढी लागत पर्न गएको देखिन्छ ।

| ठेक्का नं. | घटी कबोल रकम | सम्झौता रकम | फरक |
|---|---|---|---|
| १२/०७५/७६ | ३८९४१५९.६७ | ४४८१००८ | ५८६७४८.३३ |
| १४/०७५/७६ | ३२८३१९३.२६ | ३३०३०५६.३० | १९८६३.०४ |

| | | | |
|---|---|---|---|
| १५/०७५/७६ | ३१४१६०८.७७ | ३९५६६०५.६५ | ८१४९९६.२३ |
| १६/०७५/७६ | ३०८६८७७.२२ | ३२१६२७९.२८ | १२९४०२.०९ |
| २२/०७५/७६ | ६८९८५७१.६४ | ७०४३४१९.११ | १४४८७४.४७ |
| | | **जम्मा** | **१६९५८८४.१६** |

७६ **कन्टिन्जेन्सी खर्च :** गाउँपालिकाले स्वीकृत योजना अनुसार भुक्तानी गर्दा स्वीकृत बजेटको ३ प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गर्ने गरेको छ । कन्टिन्जेन्सीबाट कट्टा रकमबाट खर्चको छुट्टै अभिलेख राखेको छैन । कन्टिन्जेन्सी रकमबाट के कति कस्तो कार्यमा खर्च भयो र बाँकी रकम यकिन हुने गरी अभिलेख नराखेबाट कन्टिन्जेन्सी खर्च सम्बन्धमा विश्लेषण गर्न सकिएन । साथै कन्टिन्जेन्सी रकमबाट खर्च भई वचत भएको रकम आयमा देखाउनु पर्नेमा सो समेत नगरेकोले यस सम्बन्धमा विवरण अद्यावधिक गरी लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया साथ पेश हुनुपर्दछ ।

७७ **हेभी इक्वीप्मेन्ट आय** : गाउँपालिकाले यो वर्ष जे.सि.बि. १ थान र टिपर १ थान खरिद गरी रु.७२,३०,०००।- खर्च लेखेको छ । उक्त इक्वीप्मेन्ट प्रयोग वापत आम्दानी लेखांकन गरेको देखिएन । हेभी इक्वीप्मेन्ट सञ्चालन कार्यविधि तयार गरी सञ्चालन विधि, सञ्चालन खर्च र आम्दानी एकिन गरी विश्लेषण गरिनु पर्दछ ।

७८ **कार्यक्रम परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४मा स्वीकृत बजेटको एक शीर्षकबाट अर्को शीर्षकमा पच्चिस प्रतिशत सम्मामात्र रकमान्तर गर्न सकिने व्यवस्था छ । गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई विभिन्न कार्यक्रम परिवर्तन तथा खर्च भएको देखिन्छ । केही उदाहरणहरु निम्नानुसार रहेका छन् :

| सि.नं. | कार्यक्रमको नाम | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल न्याफ्ट एण्ड क्याक क्लब फिस्लिङ | ६०००००.०० | लोकसेवा तयार कक्षा र प्लम्बर तालिम |
| २ | मौज्दात कृषि सडक | ४०००००.०० | |
| ३ | स्वास्थ्य दर्पण मिडिया नेटवर्क भुक्तानी | १५००००.०० | |
| ४ | सर्वशान्ति क्याम्पस तलब भत्ता | ४०९५००.०० | |
| ५ | विभिन्न भुक्तानी | ४३३४३४.०० | लामो झरना इच्छाकमना मन्दिरमा तथ्यांक संकलनबाट |

सभाबाट पारीत कार्यक्रममा तोकिएबमोजिम मात्र रकमान्तर गरी कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गरिनु पर्दछ ।

७९ **अनुदान** : गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसार बोयर बोका वितरण २० वटामा ७५ प्रतिशत अनुदानले हुने रु.४,२४,९४२।-, २ वटा सुन्तला पकेट क्षेत्रलाई अनुदान रु.४,००,०००।-, गोठ सुधार युवा कृषक अनुदान लगायतका कार्यक्रममा अनुदान खर्च लेखेको छ । अनुदान वितरणको लगत राखी उपयोग सम्बन्धमा अनुगमन गरिनुपर्दछ ।

८० **३९७०७६।३।३१** पशु धन तथा वागवानी कार्यक्रम अन्तर्गत आधुनिक ग्रिन हाउसको लागि नेपाल थोपा सिंचाई प्रा.लि.को वीजक नं.२७१।०७६।३।४ को बिल अनुसार ५० थान को रु.२,८५,०००।- खर्च लेखेको छ । ७५ प्रतिशत अनुदानमा वितरण गरेको सामग्री निम्नानुसार देखिएकोले कृषक समूह छनौटको आधार तथा कृषकले बुझेको भरपाई पेश हुनुपर्ने रु. --- २२६०००.००

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | भुपेन्द्र प्रजाको नाममा भरपाई बनाएको तर दस्तखत नगरि लिएको रु | ११३०००.०० |
| २ | नमुना कृषि सहकारी संस्थाले बुझेको २० थान | ११३०००.०० |
| | **जम्मा** | **२२६०००.००** |

८१ ५० प्रतिशत अनुदानमा रामधानको ८३० के.जी. र भि.एस.३१२ को १०० के.जी. खरीद गरी कार्यालयकोतर्फबाट अनुदान रु.४६,९१०।- खर्च लेखेको छ । नयाँ मातृभूमि कृषि सामग्री सप्लायर्स चितवनको विल नं.५९९।०७६।२।१२ बाट खरिद गरेको देखिएको र नमिन ४६९१०.००

<table>
<tr><td></td><td>कृषि सहकारी संस्थालाई बुझाएको देखिएकोले यसबाट कृषक लाभान्वित भएको मान्ने आधार देखिएन । सम्बन्धित कृषकलाई समयमा नै गुणस्तरीय र प्रमाणित वीउ उपलव्ध गराउने व्यवस्था गरिनुपर्दछ । कृषकहरुलाई बीउ बुझाएको भरपाई पेश हुनपर्ने रु.</td><td></td></tr>
<tr><td>८२</td><td>श्रेष्ठ फलफुल नर्सरी उद्योगको २०७६।३।१६ को बिलबाट कागतीको ६००० विरुवा र जयप्रकाश नर्सरी वागवानी फर्मबाट आप १२०० गोटा, लिची ७०० गोटा, अनार १००० गोटा विरुवा खरिद तथा ढुवानी गरेकोमा विभिन्न व्यक्तिलाई बुझाएको देखिन्छ । एउटै समूहलाई १८०० सम्म विरुवा वितरण गरेको देखिएकोले विरुवा रोपण र कृषकले पाए नपाएको सम्बन्धमा अनुगमन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८३</td><td>३८१।०७६।३।३१ मध्य नेपाल सामुहिक भेट फर्मा चितवनको २०७६।३।२९ बिलबाट विभिन्न ६० किसिमका पशु औषधी खरीद गरी रु.४,९२,३७४।- खर्च लेखेको छ । उक्त औषधीहरु जिन्सी खातामा आम्दानी जनाई एकमुष्ठ पशु विकास शाखालाई हस्तान्तरण फारामबाट खर्च जनाएको देखिन्छ । आर्थिक वर्षको अन्तमा खरीद सामान एकमुष्ठ खरीदको आवश्यकता नै खर्च लेख्नुले आन्तरिक नियन्त्रण कमजोर हुने देखियो । सम्बन्धित शाखाले आम्दानी जनाएको प्रमाण सहित खर्चको विवरण पेश गर्नुपर्ने रु.</td><td>४९२३७४.००</td></tr>
<tr><td>८४</td><td>बिल भरपाई बेगर भुक्तानी : कन्टेन्जेन्सी खर्च शीर्षकबाट स.क.अ. कुम बहादुर गुरुङ्गलाई रु.६८,०००।- भुक्तानी दिएकोमा रु.३५,०००।- को मात्र बिल भरपाई भएको बाँकी रु.३३,०००।- बिल भरपाई बेगर भुक्तानी भएको रकम निजबाट असुल गर्नुपर्ने रु. ---</td><td>३३०००.००</td></tr>
<tr><td>८५</td><td>गत वर्षको : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चालु वर्षको बजेटले नखाम्ने गरी बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र तोकिएका शीर्षकहरुमा मात्र भुक्तानी बाँको विवरण म..ले.प.फा.नं.१८ मा चढाई कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई आर्थिक विवरणका साथ पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भिटामिन ए मा स्वयम सेविका परिचालन यातायात खर्च कार्यालय सञ्चालन खर्च, औषधी ढुवानी र विभिन्न भत्ता लगायतमा गत वर्षको भुक्तानी बाँकी भनि गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार सिराईचुली उपरदाङगढी लामो झरना र इच्छाकामना मन्दिर तथ्यांक संकलन शीर्षकमा विनियोजित रकम रु.४,३३,४३४।- बाट खर्च लेखेकोमा कार्यक्रमबाट खर्च लेखेको नियमसंगत नदेखिएको रु. ---</td><td>४३३४३४.००</td></tr>
<tr><td></td><td>शसर्त शिक्षातर्फ</td><td></td></tr>
<tr><td>८६</td><td>अभिलेख : गाउँपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नुपूर्व दरवन्दी, दरबन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । तसर्थ विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था छैन । गाउंपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८७</td><td>बढी निकासा :<br>१. जेष्ठ महिनाको शिक्षकहरुको तलब निकासा गर्दा देहायका विद्यालयहरुलाई बढी निकासा भएको रकम फिर्ता गर्दा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.१२,०५,६२७।- मध्ये रु.११,९७,८२९।- मात्र उक्त विद्यालयहरुले गाउँपालिकाको सञ्चित कोषमा दाखिला गरेको देखिएकोले सो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ---
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>सरस्वती रा.आ.वि.मैतेस</td><td>५६६२५.००</td><td>४७६६२५.००</td><td>४२००००.००</td></tr>
<tr><td>२</td><td>रा.आ.वि.कोयलघारी</td><td>१४९१३१.००</td><td>९३४७५८.००</td><td>७८५६२७.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०५७५६.००</td><td>१४११३८३.००</td><td>१२०५६२७.००</td></tr>
</table></td><td>११९७८२९.००</td></tr>
</table>

२. रा.आ.वि.कोयलघारीलाई बढी निकासा गएको रकम रु.७,८५,६२७- मध्ये रु.७,७७,८२९।४३ फिर्ता गरेकोमा बाँकी रकम रु.७७९७।६७ फिर्ता दाखिला गरेको नदेखिएकोले सो रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. --- ७७९७.५७

८८ शिक्षण सिकाई सामग्री तथा बुक कर्नर र व्यवस्थापन निरन्तर मूल्याङ्कनको लागि विद्यालयगत लागत अनुदान कार्यक्रम अन्तर्गत बाल विकास शिक्षाको लागि प्रति विद्यार्थी रु.५०० का दरले एकमुष्ठ विद्यालयलाई अनुदान दिने व्यवस्था भए बमोजिम अनुदान उपलव्ध गराउँदा देहायको विद्यालयहरुमा रु.६,५००।- बढी निकासा भएको रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु. --- ६५००.००

| विद्यालयको नाम | Flash Report अनुसार विद्यार्थी संख्या | निकासा भएको विद्यार्थी संख्या | बढी विद्यार्थी संख्या | रकम |
|---|---|---|---|---|
| रा.आ.वि. मायाटार | २५ | ३५ | १० | ५०००.०० |
| प्रा.वि.तामिन | ८ | ११ | ३ | १५००.०० |
| | | जम्मा: | | ६५००.०० |

८९ सार्वजनिक खरीद नियमावली, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई पाँच प्रतिशतसम्मको भेरियसन आदेश कार्यालय प्रमुख गर्न सक्ने उल्लेख छ । देहायका विद्यालयहरुमा WASH सहितको शौचालय निर्माण गरेकोमा लागत अनुमानमा नराखेको कामका लागि कार्यसम्पन्न प्रतिवेदनमा देखाएकोले थपिएको कामको लागि भएको खर्च रकमको भेरियसन आदेश नभएकोले सो बढी कामको रकम सम्बन्धित विद्यालयबाट रु.५,७५,३१२।९६ असुल गर्नुपर्ने रु. --- ५७५३१२.९६

| विद्यालयको नाम | लागत अनुमान | कार्यसम्पन्न | थप गरेको काम | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| रा.आ.वि.बल्र्याङ्ग | ८०४६०७.५८ | ७९९१८०.३३ | wood work | ४.७९ | ६४०५.१७ | ३०६८०.७६ |
| | | | panelled shulter | ४२.०० | १०९०.९१ | ४५८१८.२२ |
| | | | ढुंगाको गारो माटोमा जोडाई कार्य | ९६२.४९ | १३१.६७ | १२६७३१.०६ |
| | | | **जम्मा** | | | **२०३२३०.०४** |
| रा.आ.वि.चनौटे | ८०४४२७.८१ | ८१३३३१.९९ | चौकोस सालकाठको काम | ५.६१ | ६४०५.१७ | ३५९३३.०० |
| | | | ढोका | ४.०० | ७५००.०० | ३००००.०० |
| | | | **जम्मा** | | | **६५९३३.००** |
| रा.आ.वि.भाराङ्ग | ८०४२४७.८१ | ८०५३२२.०९ | ढुंगाको गारो लगाउने काम | १६३३.०० | १३१.६७ | २१५०१७.११ |
| | | | wood work sal wood | ५.६१ | ६४०५.१७ | ३५९३३.०० |
| | | | 28# Plain sheet shutter | ६०.०० | २५३.३३ | १५१९९.८० |
| | | | wood work (Ridge Beam etc) | १.०० | ४००००.० | ४००००.०० |
| | | | **जम्मा** | | | **३०६१४९.९१** |
| | | | **कुल जम्मा** | | | **५७५३१२.९६** |

**गाउँपालिका चालुतर्फ**

९० **भुक्तानी दिन बाँकी विवरण** : स्थानीय निकाय स्रोत परिचालन निर्देशिका, २०६४ को नियम, ६३१ मा स्थानीय निकायको परिषद्बाट कार्यक्रम र बजेट स्वीकृत गराई मात्र अधिकार प्राप्त अधिकारीले खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७३।७४ को गाउँपालिकाका २९ जना कार्यपालिकाको सदस्य तथा सभाका सदस्यहरुको १३ महिनाको तलब पारिश्रमिक भनी रु.१९,६३,०००।- तलब पारिश्रमिक भनी भुक्तानी गरेको देखिन्छ । सम्बन्धित आर्थिक वर्षमा भएको खर्च रकमको भुक्तानी भए वा नभएको प्रमाणित कागजात बेगर यस आर्थिक वर्षमा परिषद्बाट स्वीकृति बेगर खर्च गरेकोले नियमसम्मत् नदेखिएको रु. --- १९६३०००.००

९१ **प्रोत्साहन भत्ता :** गो.भौ.नं.३९२।३।३१ का कर्मचारीहरुलाई प्रोत्साहन भत्त उपलव्ध गराउँदा प्रमुख प्रशासकीय अधिकृत सहित ११ जनालाई रु.१,८७,०००।- खर्च लेखि भुक्तानी गरेकामा रु.१,९२,९३०।- बजेट खर्च लेखाङ्कन भएको देखिएको हुँदा बढी रकम रु.५,९३०।- असुल गर्नुपर्ने रु. --- ५९३०.००

| | | |
|---|---|---|
| ९२ | गो.भौ.नं.३७६।२०७६।३।२७ भुक्तानी भएकोमा गाउँपालिका स्तरीय २०७६।२।२२ गते आवधिक योजनको कार्यक्रमको बारेमा एभिन्यूज च्यानलमा पञ्चवर्षे आवधिक योजना बारेमा समाचार प्रशारया गरे वापतको खर्च भनी पिक्सेल कम्प्युटर्सलाई रु.२५,०००।- भुक्तानी दिएकोमा सो कार्यक्रम सञ्चालन गर्नुपूर्व आवश्यक शर्त तथा सम्झौताको आधारमा मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेमा कार्यक्रम सञ्चालन गरेको असम्बन्धित संस्था पिक्सेल कम्प्युटर्सलाई भुक्तानी दिनको नियमित नभएको रु. --- | २५०००.०० |
| ९३ | **तालिम कार्यक्रम :** गो.भौ.नं.४०५।२०७६।३।३१ बाट खरिदार रिता अर्याल नेपालले न्यायिक/ मिलाप समिति २०७६।२।१५ देखि २।२२ सम्म भएको कार्यक्रमको व्यवस्थापन खर्चको लागि लिएको पेश्की रु.४५०,०००।- फछ्र्यौट गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् : | |
| | १. सो कार्यक्रम मनकामना राइजिंग रिसोर्टमा सञ्चालन भई सोको खाना खाजा, हल आदीको रु.२,८९,७९८।- र स्टेसनरी खरिद बापत रु.११,९२५।- को अग्रिम आयकर बापत रु.४,०२५।- कर कट्टा गरी मात्र भुक्तानी गर्नुपर्नेमा सो नगरेकोले कट्टा गरी दाखिला गर्नुपर्ने रु. | ४०२५.७५ |
| | २. कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७.१.१५ मा २ दिनभन्दा बढी जतिसुकै दिनको भएपनि कार्यक्रममा सहभागीलाई यातायात खर्च एकमुष्ट ५०० दिनुपर्ने व्यवस्था भएकोमा कार्यक्रममा २१ जना सहभागीको २५० का दरले ८ दिनको रु.४२,०००।- यातायात खर्च लेखेकोमा रु.३१,५००।- बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. --- | ३१५००.०० |
| ९४ | **पेश्की :** प्रदेश ३ आर्थिक कार्यविधि ऐन, २०७४ मा पेश्की दिइएको रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबै थरिको कर्तव्य हुने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेको देखियो । नियमानुसार पेश्की रकम अविलम्ब असुल फछ्र्यौट गर्नुपर्ने रु. --- | ३९०००२५७.९२ |

### चालुतर्फ :

| क्र.सं. | प्रकार | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | जनप्रतिनिधि | गीता कुमारी गुरुंग | १५०००.०० |
| २ | जनप्रतिनिधि | कृति कुमार श्रेष्ठ | १५०००.०० |
| ३ | कर्मचारी | सिर्जना राना मगर | ७६३६२.०० |
| ४ | कर्मचारी | रिता अर्याल नेपाल | ६००००.०० |
| ५ | कर्मचारी | रिता अर्याल नेपाल | २००.०० |
| ६ | संस्थागत | ज्योति निर्माण सेवा | ३७००००.०० |
| ७ | संस्थागत | लुम्बिनी सामाजिक विकास केन्द्र | २६२०८०.९२ |
| ८ | संस्थागत | शान्ति सँगम आयल स्टोर्स | १२५०००.०० |
| ९ | संस्थागत | इच्छाकामना सामुदायिक सिकाइ केन्द्र | ४०००००.०० |
| १० | व्यक्तिगत | राजन घिमिरे | ८००००.०० |
| ११ | कर्मचारी | धन कुमार खड्का | १०००००.०० |
| १२ | संस्थागत | दारेचोक स्वास्थ्य चौकी | ५००००.० |
| १३ | संस्थागत | चण्डिभञ्ज्यांग स्वास्थ्य चौकी | ५००००.०० |
| १४ | संस्थागत | पामडाँडा स्वास्थ्य चौकी | ५००००.०० |
| १५ | संस्थागत | दाहाखानी स्वास्थ्य चौकी | ५००००.०० |
| १६ | संस्थागत | काउले स्वास्थ्य चौकी | ५००००.०० |
| १७ | संस्थागत | दाहाखानी स्वास्थ्य चौकी | ५००००.०० |
| १८ | संस्थागत | दारेचोक स्वास्थ्य चौकी | ५००००.०० |
| १९ | संस्थागत | पामडाँडा स्वास्थ्य चौकी | ५००००.०० |
| २० | संस्थागत | चण्डिभञ्ज्यांग स्वास्थ्य चौकी | ५००००.०० |
| २१ | संस्थागत | काउले स्वास्थ्य चौकी | ५००००.०० |
| २२ | कर्मचारी | चन्द्रा कुमारी न्यौपाने | १८५३६००.०० |
| २३ | कर्मचारी | चन्द्रा कुमारी न्यौपाने | १७५३६००.०० |
| २४ | कर्मचारी | धन कुमार खड्का | ४००००.०० |
| २५ | कर्मचारी | रत्न बहादुर मल्ल | १६७६८००.० |
| २६ | कर्मचारी | कृष्णहरि पाण्डे | १८२९६००.०० |
| २७ | कर्मचारी | रिता अर्याल नेपाल | २१९६०००.०० |
| २८ | कर्मचारी | सुरेश थापा | १९२४६००.०० |
| २९ | कर्मचारी | रिता अर्याल नेपाल | २२२६२००.०० |
| ३० | कर्मचारी | धन कुमार खड्का | २४५०४००.०० |
| ३१ | कर्मचारी | कृष्णहरि पाण्डे | १९०००००.०० |
| ३२ | कर्मचारी | रत्न बहादुर मल्ल | १५८१६००.०० |
| ३३ | कर्मचारी | धन कुमार खड्का | ४४०००.०० |
| ३४ | कर्मचारी | धन कुमार खड्का | ५००००.०० |
| ३५ | कर्मचारी | धन कुमार खड्का | ३३०००.०० |
| ३६ | कर्मचारी | धन कुमार खड्का | २९५५०.०० |
| ३७ | कर्मचारी | धन कुमार खड्का | ८००००.०० |
| ३८ | कर्मचारी | धन कुमार खड्का | ३२०००.०० |
| ३९ | कर्मचारी | धन कुमार खड्का | ३५०००.०० |
| ४० | कर्मचारी | धन कुमार खड्का | ९०८००.०० |
| ४१ | कर्मचारी | धन कुमार खड्का | ३००००.०० |
| ४२ | कर्मचारी | धन कुमार खड्का | ४००००.०० |
| ४३ | कर्मचारी | धन कुमार खड्का | ३००००.०० |
| ४४ | कर्मचारी | धन कुमार खड्का | ५००००.०० |
| ४५ | कर्मचारी | रिता अर्याल नेपाल | ३५०००.०० |

| | | | |
|---|---|---|---|
| ४६ | कर्मचारी | रिता अर्याल नेपाल | २९०००.०० |
| ४७ | कर्मचारी | रिता अर्याल नेपाल | ६६०००.०० |
| ४८ | कर्मचारी | रत्न बहादुर मल्ल | १८४६४००.०० |
| ४९ | कर्मचारी | रत्न बहादुर मल्ल | १०९०००.०० |
| ५० | कर्मचारी | रत्न बहादुर मल्ल | १९०००.०० |
| ५१ | कर्मचारी | रत्न बहादुर मल्ल | ४८०००.०० |
| ५२ | कर्मचारी | रत्न बहादुर मल्ल | ८०००.०० |
| ५३ | संस्थागत | जनप्रिय मा.वि., काउले | २५००००.०० |
| ५४ | संस्थागत | जनप्रिय मा.वि., काउले | २५६०००.०० |
| ५५ | संस्थागत | जनप्रिय मा.वि., काउले | १२९४०००.०० |
| ५६ | संस्थागत | सर्वशान्ति मा.वि. | ९२०००.०० |
| ५७ | संस्थागत | सर्वशान्ति मा.वि. | ९२०००.०० |
| ५८ | संस्थागत | सर्वशान्ति मा.वि. | ४६८०००.०० |
| ५९ | कर्मचारी | माधुरी थापा | १०००००.०० |
| ६० | कर्मचारी | नरेन्द्र गुरुंग | १८६५६००.०० |
| ६१ | कर्मचारी | राजेन्द्र कार्की | १६९०४००.०० |
| ६२ | कर्मचारी | कल्पना राना मगर | १०१८४००.०० |
| | | **जम्मा** | **३१२६७१९२.९२** |

**पूँजीगततर्फः**

| क्र.सं. | प्रकार | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | कर्मचारी | धन बहादुर खड्का | १५००००.०० |
| २ | संस्थागत | नेपाल ग्राक्ट एण्ड क्र्याक क्लब | १०००००.०० |
| ३ | संस्थागत | नेपाल ग्राक्ट एण्ड क्र्याक क्लब | ५०००००.०० |
| ४ | संस्थागत | शाश्वत कन्ट्रक्सन | ११८२५४.०० |
| ५ | संस्थागत | शाश्वत कन्ट्रक्सन | १५६५४५.०० |
| ६ | संस्थागत | जार्सा इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. | ५४९४९६.०० |
| ७ | संस्थागत | एन्जल्स  इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. | १४२२१०.०० |
| ८ | संस्थागत | जे.के. इन्जिनियरिंग एशोसिएट्स प्रा.लि. | २५२०००.०० |
| ९ | संस्थागत | इच्छाकामना इन्जिनियरिंग सर्भिस प्रा.लि. | २९४०००.० |
| १० | संस्थागत | एन्जल्स  इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. | २०५६०.०० |
| ११ | संस्थागत | मुग्लिंग हाईवे हस्पिटल प्रा.लि. | ६०००००.०० |
| १२ | संस्थागत | इच्छाकामनाा मन्दिर निर्माण उपभोक्ता समिति | ४८५००००.०० |
| | | **जम्मा** | **७७३३०६५.००** |

९५ **धरौटीतर्फ** : गाउँपालिकाले यो वर्ष अ.ल्या. समेत धरौटी आम्दानी रु.६०,२३,८०९।८५ फिर्ता खर्च रु.४३,८१,०८५।- भई मौज्दात रु.१६,५२,७२०।८५ भएको विवरण पेश भएको छ। गोश्वारा धरौटी खाता पेश नभएकोले धरौटी आम्दानी खर्च यकिन गर्ने आधार देखिएन । धरौटी बाँकीको कच्चावारी समेत तयार गरेको पाइएन । धरौटी खाता अद्यावधिक गरिनु पर्दछ ।

**अनुसूची- १**

# इच्छाकामना गाउँपालिका, चितवनको सञ्चित कोष विवरण
## २०७५।७६

**प्रदेशः बागमती** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | इच्छाकामना गा.पा. | चितवन | ३८९९६ | ९९६०० | १६९९६८ | २१२८१७ | ४८२३८५ | २०९९६८ | १९१६७४ | ५५०१५ | ४५६६५७ | ६४७२४ |

**अनुसूची– २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक वेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी वेरुजू | | | वाँकी वेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | चितवन | इच्छाकामना गा.पा. | ७९ | २७ | ५०१२३ | ० | ० | ० | ७९ | २७ | ५०१२३ | २७४५ | ३३८५ | ४९९३ | ० | ० | ८३७८ | २७३०८ | ११६९२ | ३९००० |

**अनुसूचि ३**

## अद्यावधिक वेरुजू स्थिति

**(रु. हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | इच्छाकामना गा.पा. | चितवन | ५८८३३ | ० | ५८८३३ | ० | ५०१२३ | १०८९५६ |